## पहिलो परिच्छेद

# शोधपरिचय

### १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **हेमाङ्ग दीक्षितको जीवनी, व्यक्तित्व र कृतित्व** रहेको छ ।

### १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभाग, स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्रको प्रयोजनका निम्ति प्रस्तुत गरिएको छ ।

### १.३ विषयपरिचय

डा. हेमाङ्ग दीक्षित (१९९४) पेसाले चिकित्सक भए पनि नेपाली साहित्यका उपन्यास, लघुकथा, बालकथाजस्ता विधामा कलम चलाउने व्यक्तित्वका साथै साहित्येतर विषयमा समेत कलम चलाउने प्रतिभा हुन् । काठमाडौँमा जन्मी स्वास्थ्य विज्ञानमा उच्च उपाधि प्राप्त गरेका दीक्षित बालविशेषज्ञ हुन् र हाल उनी स्वास्थ्य सेवामा कार्यरत पनि छन् । साहित्यिक, साहित्येतर एवम् पत्रपत्रिकाका सम्पादकसमेत रहेका यिनै व्यक्तित्वका जीवनका सम्पूर्ण पाटाहरू, दुःखसुख, प्राप्तिअप्राप्ति, जीवनभोगाइका अनुभव र उनले नेपाली साहित्यका विविध क्षेत्रमा गरेको योगदानका बारेमा प्रकाश पार्न यो शोधपत्र तयार पारिएको छ ।

### १.४ समस्याकथन

सङ्ख्यात्मक एवम् गुणात्मक रूपमा उच्च मूल्य भएका साहित्यिक कृतिका रचनाकार डा. हेमाङ्ग दीक्षित अन्य विधामा भन्दा उपन्यास विधामा सफल देखिएका छन् । नेपालको सामाजिक अवस्थितिलाई यथार्थवादी ढङ्गले आफ्ना उपन्यासहरूमा प्रस्तुत गर्ने उनले बालमनोवैज्ञानिक कथाहरू पनि रचना गरेका छन् । प्रतिभासम्पन्न हेमाङ्ग दीक्षितको जीवनी, व्यक्तित्व तथा कृतित्वका बारेमा अध्ययन गर्दा आइपर्ने समस्याहरू नै मूल समस्याका रूपमा

देखापर्ने हुनाले तिनै समस्याहरूलाई विशिष्टीकरणका रूपमा निम्नलिखित बुँदामा समेटिएको छ :

(क) हेमाङ्ग दीक्षितको जीवनी पक्षको अध्ययन कसरी गर्न सकिन्छ ?

(ख) हेमाङ्ग दीक्षितको व्यक्तित्वका पाटाहरू केकस्ता रहेका छन् ?

(ग) हेमाङ्ग दीक्षितका कृतिहरूको विश्लेषण केकसरी गर्न सकिन्छ ?

## १.५ शोधकार्यका उद्देश्यहरू

शोधसमस्याका क्रममा देखिएका प्रश्नहरूको उत्तर वा समाधान खोज्नु नै शोधपत्रको मुख्य उद्देश्य रहेकाले समस्याको समाधान केकसरी गर्ने ? भन्ने कुरामा रहेर अध्ययन गर्न निम्नलिखित उद्देश्यहरू राखिएको छ :

(क) हेमाङ्ग दीक्षितको जीवनी पक्षको अध्ययन गर्ने,

(ख) हेमाङ्ग दीक्षितको व्यक्तित्वका विविध पाटाहरूको अध्ययन गर्ने,

(ग) हेमाङ्ग दीक्षितका साहित्यिक कृतिहरूको विश्लेषण गर्ने ।

## १.६ पूर्वकार्यको समीक्षा

सम्पन्न परिवारमा जन्मिएर पनि तथा स्वास्थ्य शिक्षा हासिल गरे पनि उच्च मूल्य बोकेका साहित्यिक कृतिका रचनाकार हेमाङ्ग दीक्षित नेपाली साहित्यका अमूल्य निधि भएर पनि ओझेलमा परेका व्यक्तित्व हुन् । नेपाली साहित्यको श्रीवृद्धिका लागि आफ्नो उमेरको पर्वाह नगरी हालसम्म लागिरहेको दीक्षितका बारेमा केही विद्वान् तथा समालोचकहरूले परिचयात्मक रूपमा सामान्य जानकारी दिए पनि सुव्यवस्थित र विस्तृत रूपमा अध्ययन गरेको पाइँदैन । यिनका कृतिको विश्लेषण र मूल्याङ्कन गरी साहित्यिक मूल्य निर्धारण गर्ने काम पनि हुन सकेको छैन । यिनका बारेमा जेजति अध्ययन भएको छ त्यो केवल परिचयात्मक मात्र छ । यसै क्रममा हेमाङ्ग दीक्षितका बारेमा भएका चिनारी र अध्ययनका केही पूर्वकार्यको विवरण निम्नानुसार प्रस्तुत गरिन्छ :

दयाराम श्रेष्ठ र मोहनराज शर्माले **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास** (२०३४) मा विभिन्न उपन्यासकारहरूको नामोल्लेख गर्ने सन्दर्भमा उनको पनि नामोल्लेख गरेका छन् ।

राजेन्द्र सुवेदीले **नेपाली उपन्यास परम्परा र प्रवृत्ति** (२०५४) मा वि. सं. १९९४ सालमा काठमाडौँमा जन्मेर बालविशेषज्ञका रूपमा रही स्वास्थ्य क्षेत्रमा सेवा गर्ने डा. हेमाङ्ग

दीक्षितले वेदव्यास उपनामले थुप्रै साहित्यक लेखरचना प्रकाशित गराएका छन् भनी उल्लेख गरेका छन् ।

घटराज भट्टराईले **नेपाली लेखक कोश** (२०५६) मा दीक्षित स्वास्थ्य सेवामा संलग्न रहे पनि फुर्सदका क्षणहरूलाई साहित्यिक उपासनाद्वारा सदुपयोग गर्छन् । कृतिहरूमा बालविशेषज्ञता झल्किन्छ । औपन्यासिकता, जासुसी पनमै भए पनि प्रभावकारी रूपमा प्रकट भएको छ भनेर उनको साहित्यिक रुचिलाई प्रस्ट्याएका छन् ।

**अन्नपूर्ण पोष्ट** (२१ पुस, २०६४) राष्ट्रिय दैनिकमा पेसाले बालरोग विशेषज्ञ भएकाले केटाकेटीहरूकै लागि भनेर उहाँले १० वर्ष पहिले **चन्द्र एन्ड डमरु** शीर्षकको पुस्तक बालपाठकसमक्ष ल्याउनुभयो भनेर उनको लेखनप्रतिको रुचिलाई प्रस्ट्याइएको छ ।

यसरी केही विद्वान् तथा समालोचक व्यक्तित्वहरूले हेमाङ्ग दीक्षितका बारेमा सामान्य जानकारी दिए तापनि व्यापक र विस्तृत रूपमा अध्ययन हुन सकेको छैन । तसर्थ यो शोधपत्र उनका जीवनका सम्पूर्ण पाटाहरू, व्यक्तित्वका विविध आयाम र कृतिहरूको विश्लेषण गर्नमा केन्द्रित हुनेछ ।

## १.७ शोधकार्यको औचित्य

शोधकार्यको अध्ययनबाट डा. हेमाङ्ग दीक्षितलाई नेपाली साहित्य क्षेत्रका माध्यमबाट साहित्यिक पाठकमाझ चिनाउने प्रयास गरिएको छ साथै उनको जीवनी, व्यक्तित्व र कृतित्वको केन्द्रीयतामा अध्ययन, विश्लेषण गरिकाले भावी पुस्तालाई दीक्षितका बारेमा तथा उनको साहित्यिक योगदानका बारेमा यथार्थ एवम् वस्तुगत जानकारी उपलब्ध हुनेछ । शोधपत्रको अध्ययनबाट दीक्षितका बारेमा जान्न चाहने जिज्ञासु एवम् पाठकवर्गलाई थोरै मात्रामा भए पनि लाभान्वित तथ्य प्रस्तुत गरिने भएकाले अनुसन्धान क्षेत्रमा यसको महत्त्व स्वतः देखिने छ । नेपाली साहित्यको इतिहासलेखनको क्रममा तथा साहित्यिक गतिविधिको मूल्याङ्कन गर्नमा यस शोधपत्रले आवश्यक सहयोग पुऱ्याउने छ । यिनै विविध दृष्टिकोणले यो शोधपत्र औचित्यपूर्ण रहेको छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

नेपाली साहित्यको श्रीवृद्धिमा निरन्तर लागिपरेका डा. हेमाङ्ग दीक्षितको जीवनी र व्यक्तित्वका साथै उनका प्रकाशित र अप्रकाशित कृति वा रचनाको सर्वेक्षण गरी परिचयात्मक जानकारी दिने प्रयास गरिएको छ । सम्पन्न परिवारमा जन्मेर पनि नेपाली साहित्यका विभिन्न

विधालाई थप ईटा प्रदान गर्न दीक्षितको योगदान अविस्मरणीय छ । बालकथा, उपन्यासजस्ता साहित्यिक विधामा कलम चलाएका दीक्षितले साहित्येतर विषयमा पनि आफ्ना लेखरचना प्रकाशित गरेका छन् । यिनै सर्जकका सृजनाहरूको सामान्य परिचय तथा तिनीहरूको अध्ययन, विश्लेषण र मूल्याङ्कन गरिएको छ । त्यसैगरी यिनका जीवनी र व्यक्तित्वका विविध आयामहरूलाई समेत यस अध्ययनमा समेटिएको छ । समग्रमा उनका जीवनका सम्पूर्ण पाटाहरू तथा साहित्यिक योगदानको निरूपणमा यो शोधपत्र सीमित रहेको छ ।

## १.९ शोधविधि

प्रस्तुत शोधकार्य गर्दा सामग्रीसङ्कलनका लागि पुस्तकालयीय र उनका साथै उनका आफन्तसँग प्रत्यक्ष अन्तर्वार्ता पद्धतिको प्रयोग गरिएको छ । यसका साथै अध्ययन र विश्लेषणका लागि ऐतिहासिक, वर्णनात्मक र विवरणात्मक पद्धतिको पनि प्रयोग गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्र तयार पार्न निम्नलिखित परिच्छेदमा वर्गीकरण गरी अध्ययन गरिएको छ :

पहिलो परिच्छेद : शोधपरिचय
दोस्रो परिच्छेद : हेमाङ्ग दीक्षितको जीवनी
तेस्रो परिच्छेद : हेमाङ्ग दीक्षितको व्यक्तित्व
चौथो परिच्छेद : हेमाङ्ग दीक्षितको कृतित्व
पाँचौँ परिच्छेद : उपसंहार तथा निष्कर्ष

उपर्युक्त पाँच परिच्छेदहरूलाई पनि आवश्यकतानुसार विविध शीर्षक, उपशीर्षकमा विभाजन गरी उनका जीवनी, व्यक्तित्व र कृतित्वका विभिन्न पाटाहरूलाई विश्लेषणात्मक रूपमा प्रस्तुत गरिएको छ र अन्त्यमा सन्दर्भसामग्रीसूची र परिशिष्ट राखिएको छ ।

# दोस्रो परिच्छेद

# हेमाङ्ग दीक्षितको जीवनी

## २.१ जन्म र जन्मस्थान

हेमाङ्ग दीक्षितको जन्म वि. सं. १९९४ साल जेठ २९ गतेका दिन पिता सिद्धिमणि दीक्षित तथा माता हेमप्रभा दीक्षितको कान्छो छोराको रूपमा भएको हो (हेर्नू : परिशिष्ट १) । उनको जन्म काठमाडौँको डिल्लीबजारमा भएको हो । दीक्षित एक दाजु र तीन दिदीहरूपछिका पाँचौँ सन्तान हुन् ।

## २.२ बाल्यकाल र स्वभाव

सम्पन्न दीक्षित परिवारमा जन्मिएका हेमाङ्ग दीक्षितको बाल्यकाल सुखमय रूपमा बितेको पाइन्छ । पिता चिकित्सक भएकाले उनको बाल्यकालमा आर्थिक अभावले घेरेको पाइँदैन । उनको बाल्यकाल केही समय नेपालमा बिते पनि अधिकांश समय भारतको नैनीतालमा अध्ययनको सिलसिलामा बितेको थियो (हेर्नू : परिशिष्ट १) ।

हेमाङ्ग दीक्षितको स्वभाव सानैदेखि भावुक प्रकृतिको देखिन्छ । गम्भीर प्रकृतिका दीक्षितमा पिताको पेसाले प्रभाव पारेको हुँदा उनलाई पनि त्यही पेसामा लाग्ने उत्सुकता जागिरहन्थ्यो (हेर्नू : परिशिष्ट १) । मिहिनेत गरे लक्ष्यमा अवश्य पुगिन्छ भन्ने सोचाइ राख्ने दीक्षित परहितमा समर्पित हुनुपर्छ भन्ने भावना व्यक्त गर्दथे ।

## २.३ शिक्षादीक्षा

हेमाङ्ग दीक्षितले प्रारम्भिक शिक्षा आफ्नै घरबाट लिएका हुन् अर्थात् उनले अक्षरारम्भ आफ्नै घरको पारिवारिक वातावरणबाट सुरु गरेका हुन् । त्यसपछि उनी भारतको नैनीतालमा पुगे । प्रारम्भमा उनी सेरउड कलेजमा भर्ना भए । त्यसपछि उनी बिसप कटन स्कुल सिमलामा अध्ययनका लागि प्रस्थान भए । यिनै दुई शिक्षालयबाट उनको माध्यमिक तहको शिक्षा वि. सं. २०१० सालमा १६ वर्षको उमेरमा पूरा भयो (हेर्नू : परिशिष्ट १) । प्रथम श्रेणीमा माध्यमिक तहको अध्ययन पूरा गरेपछि दीक्षित उच्च शिक्षा हासिल गर्न लन्डन प्रस्थान गरेका हुन् ।

वि. सं. २०११ सालमा उनले लन्डनको ट्युटोरियल कलेजमा उच्च शिक्षा ग्रहणका लागि भर्ना लिए (हेर्नू : परिशिष्ट १) । त्यहाँको दुई बर्से अध्ययनपश्चात् २०१३ सालमा उनी शिक्षा ग्रहणकै लागि च्यारिङ क्रस हस्पिटल मेडिकल कलेजमा भर्ना भए र २०१८ मा २४ वर्षको उमेरमा एम्. बी. बी. एस्. उत्तीर्ण भए (हेर्नू : परिशिष्ट १) । शिक्षाप्रति बढी झुकाव भएका दीक्षितले यत्तिमै मात्र आफ्नो अध्ययनलाई सीमित राखेनन् । २०२० सालमा उनले लन्डन स्कुल अफ हाइजिन एन्ड ट्रपिकल मेडिसिनबाट डी. टी. एम् एन्ड एच् तथा इन्स्टिच्युट अफ चाइल्ड हेल्थबाट डी. सी. एच्. सम्मको अध्ययन पनि पूरा गरे (हेर्नू : परिशिष्ट १) ।

यसरी दीक्षितले उच्च शिक्षाको अध्ययनकालमा औषधोपचार वा चिकित्सा विज्ञानतिर आफूलाई समर्पण गरे । निरन्तरको अध्ययन र कठिन मिहिनेतले उनी आफूले इच्छाएको विषयमा सफल पनि भए । आज उनी बालविशेषज्ञका रूपमा ख्याति कमाउन सफल भएका छन् ।

## २.४ पारिवारिक अवस्था

हेमाङ्ग दीक्षित सम्पन्न दीक्षित परिवारमा जन्मिएका हुन् । उनी कर्कट राशि र कौडिन्य गोत्रका व्यक्ति हुन् । उनका हजुरबुबाको नाम सदाशिव दीक्षित र हजुरआमाको नाम नरेन्द्रकुमारी दीक्षित हो । उनका दाजुको नाम पद्ममणि दीक्षित हो । उनी अवकाशप्राप्त इन्जिनियर हुन् । उनका दिदीहरू क्रमशः पुण्यलक्ष्मी, दिव्यप्रभा र शशीकला रहेका छन् । उनीहरू गृहिणीका रूपमा काम गर्छन् (हेर्नू : परिशिष्ट १) । यसरी पितामातासहित जम्मा सातजनाको परिवार रहेको देखिन्छ । पिता चिकित्सा पेसामा संलग्न भएका कारण उनको आर्थिक अवस्था पनि उच्च मध्यम किसिमको देखिन्छ (हेर्नू : परिशिष्ट १) । पछि आफू पनि त्यही पेसामा संलग्न भएको तथा आफ्ना परिवारजनले पनि राम्रो पेसा अँगालेका कारण आर्थिक अभावले सताएको पाइँदैन । धार्मिक दृष्टिले दीक्षित परिवार हिन्दू धर्ममा विश्वास राख्दछन् ।

हेमाङ्ग दीक्षितकी श्रीमतीको नाम आशा दीक्षित हो । उनी देवनाथ उपाध्याय र लीलादेवीकी छोरी हुन् । उनी आफ्ना पतिसँगै काठमाडौँको डिल्लीबजारमा बस्छिन् र गृहिणी हुन् । दीक्षित दाम्पतीबाट दुई छोरा र दुई छोरीहरू गरी जम्मा चार सन्तानको जन्म भएको छ (हेर्नू : परिशिष्ट १) । छोरीहरू भेरोना र सिवानी हुन् । भेरोनाको विवाह रसियन डाक्टर युरासँग भएको छ र उनीहरूबाट एरी र टाया दुई छोरी तथा एक छोरा निकको जन्म भएको छ । सिवानीको विवाह गम्भीर राणासँग भएको छ र उनीहरूबाट एक छोरी अग्रताको जन्म भएको

छ । दीक्षितका छोराहरू क्रमशः राजन्य र सिद्धार्थ हुन् । राजन्यको विवाह अनुपमा थापासँग भएको छ र उनीहरूबाट एक छोरा देवाशिषको जन्म भएको छ । सिद्धार्थको विवाह पुनम बस्नेतसँग भएको छ र उनीहरूबाट एक छोरा सवरको जन्म भएको छ । सिद्धार्थ काठमाडौँ मेडिकल कलेजमा दन्तचिकित्सकको रूपमा काम गर्छन् (हेर्नू : परिशिष्ट १) ।

दीक्षित परिवारको प्रारम्भिक थर आचार्य भएको र सो परिवारले बनारसमा गएर होम लगाएपछि तत्कालीन अवस्थामा दरबारबाट दीक्षित उपाधि प्रदान गरिएको थियो (हेर्नू : परिशिष्ट १) । यसरी ब्राह्मण परिवार भए पनि जातीय विभेदलाई नमान्ने उक्त परिवारका अधिकांश सदस्यले अन्तरजातीय विवाहलाई प्राथमिकता दिएको देखिन्छ ।

## २.५ स्वभाव, बानीव्यवहार र रुचि

हेमाङ्ग दीक्षितका बाल्यकालीन स्वभाव बालक्रीडाभन्दा सिक्नेतर्फ अग्रसर भएको पाइन्छ । उनी आफ्नो पिताको पेसालाई निरन्तरता दिन चाहन्थे । फलस्वरूप यस कार्यमा उनी सफल पनि भएका छन् । दीक्षितको जन्मकालमा नेपाली राजनीतिमा राणाहरूको एक छत्र राज थियो । गरिबीको पीडाले छटपटाएका कैयौँ नेपालीहरूले शिक्षा र रोजगारका लागि बिदेसिनुपर्ने बाध्यात्मक परिस्थिति थियो । अर्कातिर नेपालीहरूको चेतनाको ढोका खुल्दै गएको थियो । यद्यपि दीक्षित राजनीतिमा चासो नराख्ने प्रकृतिका थिए । राजनीति निरपेक्ष भए पनि जनताको शासक जनता नै हुनुपर्छ भन्ने भावनाचाहिँ उनी व्यक्त गर्दथे । उनको स्वभाव सानैदेखि चिन्तनशील रहेको थियो (हेर्नू : परिशिष्ट १) ।

व्यक्तिले संसारमा जन्मेपछि केही गर्नुपर्छ भन्ने विचारका दीक्षित सैद्धान्तिक शिक्षामा भन्दा व्यावहारिक शिक्षामा बढी जोड दिन्थे । कुनै कामको असफलतामा हताश नहुने उनको स्वभाव थियो । आफ्ना साथमा ज्ञानका कुरा सिक्न आउने जोकोहीलाई दीक्षित विनम्रपूर्वक आफ्नो ज्ञान बाँड्ने प्रकृतिका देखिन्छन् । धैर्य नै सफलताको कसिलो साधन हो भन्ने विचारका दीक्षित हँसिला र सहनशील स्वभावका देखिन्छन् ।

समग्रमा दीक्षितको भावना राष्ट्रवादी र जातिवादी चिन्तनले ओतप्रोत देखिन्छ । मृदुभाषी दीक्षित सबैलाई कर्मको पाठ पढाउँछन् । कर्म गरे सफलता अवश्य प्राप्त गरिन्छ भन्ने विचार व्यक्त गर्दछन् । दीक्षित मृदुभाषी, कर्मठ, लगनशील, इमानदार, सहयोगी, निडर, कार्यप्रतिको निष्ठामा दृढजस्ता स्वभावका धनी देखिन्छन् ।

## २.६ कार्यक्षेत्र

### २.६.१ पेसागत संलग्नता

हेमाङ्ग दीक्षित पेसाले चिकित्सक हुन् । उनी आफ्नो अध्ययनको समाप्तिपश्चात् तत्काल कार्यक्षेत्र अँगाल्न पुग्दछन् । सर्वप्रथम उनले च्यारिङ क्रस हस्पिटल मेडिकल स्कुल लन्डनमा २०१८ सालमा मेडिसिन र सर्जरी विभागका गृहअधिकारीका रूपमा आफ्नो कार्य प्रारम्भ गरे (हेर्नू : परिशिष्ट १) । त्यसमा एक वर्ष कार्य गरेपछि उनी उच्च गृह अधिकारी भएर डेर्बिसायर चिल्ड्रेन्स हस्पिटलमा ६ महिनाका लागि कार्य गर्न पुग्दछन् । यसपछि दीक्षितले नेपालमा आफ्नो कार्यक्षेत्र सह्मालेका हुन् । वि. सं. २०२१ सालदेखि २०१७ सालसम्म वीर अस्पतालमाको स्वास्थ्य सेवामा बालविशेषज्ञका रूपमा उनले कार्य गरेका हुन् (हेर्नू : परिशिष्ट १) । यही कार्यलाई उनले २०२७ बाट कान्ति बाल अस्पतालमा निरन्तरता दिएका हुन् । यसपछि उनलाई निजी कार्य गर्ने इच्छा जाग्यो र २०३२ सालमा सरकारी जागिरबाट राजीनामा दिएपछि चाइल्ड हेल्थ इन्स्टिच्युट अफ मेडिसिनमा सह प्राध्यापकका रूपमा काम गर्नुका साथै बाल स्वास्थ्य विषयमा पाठ्यक्रम बनाउने काम पनि गरेको पाइन्छ । वि. सं. २०३६ देखि २०३९ सम्म इन्स्टिच्युट अफ मेडिसिनमा डीनका रूपमा कार्य गरे । त्यसैगरी त्यसै संस्थामा बाल स्वास्थ्यका प्राध्यापक भएर पनि काम गरेका छन् । सिद्धि मेमोरियल हस्पिटलको एक्युट डाइरिया : रिसर्च प्रोजेक्टका निर्देशक भएर पनि कार्य गरे । हाल उनी काठमाडौँ मेडिकल कलेजका प्रधानाध्यापक तथा बाल स्वास्थ्यका प्राध्यापकका रूपमा कार्य गरिरहेका छन् (हेर्नू : परिशिष्ट १) ।

यसरी दीक्षितले विदेशका विभिन्न कलेजमा पनि आफ्नो कार्य सम्पन्न गरेका छन्‌ भने नेपालमा सरकारी सेवा तथा निजी संस्थामा रहेर सफलतापूर्वक आफ्नो कार्य गरिरहेका छन् ।

### २.६.२ संस्थागत संलग्नता

हेमाङ्ग दीक्षित पेसाले चिकित्सक भएका कारण त्यसैसँग सम्बद्ध विभिन्न सङ्घसंस्थामा आबद्ध भएका छन् । उनी गोट्स इन्टरनेसनल तथा इन्टरनेसनल स्टुडेन्ट्स हाउस पार्क क्रिसेन्ट लन्डनमा आजीवन सदस्य भएका छन् । त्यसैगरी ब्रिटेन नेपाल सोसाइटी काठमाडौँको आजीवन सदस्य भएका छन् र यसको उपाध्यक्ष तथा अध्यक्षसमेत भएर कार्य गरेका छन् । उनी एस्. ओ. एस्. चिल्ड्रेन भिलेज नेपालको राष्ट्रिय कार्यकारी समितिका सदस्य पनि भएका छन् र

यसमा पनि उनी उपाध्यक्ष र अध्यक्ष भई कार्य गर्न पुग्दछन् (हेर्नू : परिशिष्ट १) । उनी बाल कल्याण समन्वय समितिको सदस्य पनि भए साथै मदन पुरस्कार गुठीमा तीन वर्षका लागि सदस्यसमेत भए । काठमाडौं जेसिसले उनलाई सम्मानार्थ सदस्य प्रदान गरेको थियो । त्यसैगरी उनी बाल सङ्गठनका सदस्य पनि भए । दीक्षितले बूढानीलकण्ठ स्कुलको सञ्चालक समितिका सदस्य भएर पनि कार्य गरेका छन् साथै बाल विकास समितिका संस्थापक, आजीवन सदस्य र अध्यक्ष भएका छन् (हेर्नू : परिशिष्ट १) । राष्ट्रिय योजना आयोगद्वारा सञ्चालित राष्ट्रिय विकास परिषदका सदस्य भए तथा पी. ई. एम्. नेपालका सदस्य पनि भए । नेपाल अन्तर्राष्ट्रिय केन्द्रका आजीवन सदस्य तथा कार्यकारी समितिको एक कार्यकालका सदस्य पनि भएका छन् । उनी समाज कल्याण परिषद्मा दुई वर्षसम्मका लागि कार्यकारी सदस्यका रूपमा पनि कार्य गर्न पुग्दछन् (हेर्नू : परिशिष्ट १) ।

यसरी पेसागत क्षेत्र, बाल स्वास्थ्य एवम् साहित्यिक र सामाजिक सङ्घसंस्थामा दीक्षित आबद्ध देखिन्छन् ।

## २.७ भ्रमण

हेमाङ्ग दीक्षितले नेपालका विभिन्न ठाउँ तथा विभिन्न देशहरूको भ्रमण गरेका छन् । व्यक्तिगत इच्छा तथा कार्यक्रममा सहभागिता जनाउनमा उनका भ्रमणहरू केन्द्रित रहेका छन् । विशेषगरी गोष्ठी तथा सेमिनारमा भाग लिन विश्वका विभिन्न देशहरूमा उनले भ्रमण गरेका छन् साथै शिक्षाग्रहणका लागि पनि उनले विभिन्न स्थानमा भ्रमण गर्नुपरेको छ । शिक्षाग्रहणका लागि बाल्यकालमा नै भारतको नैनीताल र सिमलाको भ्रमण गरेका छन् साथै विद्याआर्जनकै सिलसिलामा बेलायत पनि पुगेका छन् । यसका साथै जागिरे जीवनका अवधिमा विभिन्न कार्यक्रममा सहभागिता जनाउन उनले निकै यात्रा गरेको पाइन्छ । देशका विभिन्न भागदेखि लिएर अन्तर्राष्ट्रिय जगत्सम्मको उनले भ्रमण गरेका छन् ।

उनी सात सदस्यीय चिकित्सा मण्डलीको नेतृत्व गरी सन् १९७५ मा चीनको भ्रमण गर्न पुगेका थिए (हेर्नू : परिशिष्ट १) । विश्व स्वास्थ्य सङ्गठनद्वारा प्रायोजित स्वास्थ्यका लागि शिक्षक तालिम विकास कार्यक्रममा सन् १९७८ मा सहभागिता जनाउन बर्माको राजधानी पुगेका थिए । उनी रसियाको अल्मा अटामा भएको प्राथमिक स्वास्थ्य सुरक्षा गोष्ठीमा नेपाली प्रतिनिधिका रूपमा पनि उपस्थित भएका थिए साथै एकीकृत स्वास्थ्य सेवा र जनशक्ति विकासको विचार गोष्ठीमा भाग लिन सन् १९७९ मा भारतको नयाँ दिल्ली पुगेका थिए । स्वस्थ जनशक्ति योजनासम्बन्धी विचार गोष्ठीमा सहभागी हुन सन् १९८१ मा श्रीलङ्काको राजधानी

कोलम्बोमा पुगेका थिए (हेर्नू : परिशिष्ट १) । मातृ तथा शिशु स्वास्थ्य शिक्षासम्बन्धी विचार गोष्ठीमा नेपाली प्रतिनिधिका रूपमा सन् १९८१ मा थाइल्यान्डको राजधानी बैङ्ककमा उपस्थित भएका थिए । त्यसैगरी त्यस्तै कार्यहरूमा भाग लिन सन् १९८२ मा नयाँ दिल्ली, त्यही साल थाइल्यान्ड, सन् १९८६ मा अमेरिका, त्यही साल पुनः नयाँ दिल्ली, १९८६ मार्चमा नेदरल्यान्ड, १९८८ मा तान्जानिया, १९९० फेब्रुअरीमा भारतको कलकत्ता, १९९० को जूनमा नयाँ दिल्ली, १९९१ को अगस्तमा श्रीलङ्काको राजधानी कोलम्बो, १९९२ को अप्रिलमा जिम्बाबेको राजधानी हरारे, १९९२ को जूनमा बैङ्कक, १९९२ को जुलाईमा बङ्गालादेशको ढाका, १९९४ को जनवरीमा जर्मनीको भ्रमण गरेका थिए (हेर्नू : परिशिष्ट १) ।

यसरी दीक्षितले विभिन्न सभासमारोह, प्रशिक्षण, तालिम आदि कार्यक्रममा नेपाली प्रतिनिधिका रूपमा भाग लिन अन्तर्राष्ट्रिय क्षेत्रको भ्रमण गरेका छन् भने व्यक्तिगत रुचिका कारण र त्यहाँको विस्तृत अध्ययनका लागि पाकिस्तानजस्ता देशहरूको पनि भ्रमण गरेका छन् ।

## २.८ सम्मान तथा पुरस्कार

डा.हेमाङ्ग दीक्षितले आफ्नो जीवनमा विभिन्न सम्मान तथा पुरस्कारहरू प्राप्त गरेका छन् । उनले नेपाल बाल सङ्ठनबाट सन् १९६९ मा प्रशंसाको प्रमाण पत्र प्राप्त गरेका छन् । उनलाई सन् १९७३ मा श्री ५ वीरेन्द्रको जन्मदिनको अवसरमा तेस्रो गोखा दक्षिण बाहु प्रदान गरिएको छ । नयाँ दिल्लीमा भएको एसियाली बालरोग विशेषज्ञहरूको आठौँ सम्मेलनमा स्वर्ण पदक प्रदान गरिएको छ (हेर्नू : परिशिष्ट १) । स्वास्थ्य सेवामा उल्लेखनीय योगदान गरेवापत् वि. सं. २०५६ सालको धर्मपहरी स्वास्थ्य सेवा पदक नेपालगन्जबाट प्रदान गरिएको छ । त्यसैगरी श्री ५ वीरेन्द्रको गद्दीआरोहणको रजत जयन्तीका अवसरमा पदक प्रदान गरिएको छ । एस्. ओ. एस्. बालग्राम पदक पनि सन् १९९८ मा अस्ट्रियामा प्राप्त गरेका छन् साथै सन् २००२ मा वीरेन्द्रऐश्वर्य पदक पनि उनलाई प्रदान गरिएको छ (हेर्नू : परिशिष्ट १) ।

यसरी उनको सेवालाई कदर गर्दै विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समुदायले उनलाई सम्मान तथा पुरस्कार प्रदान गरेका छन् । यसभन्दा पनि बढी नेपाली उपन्यासका पाठकले उपन्यासकारका रूपमा दिएको सम्मान महत्त्वपूर्ण देखिन्छ ।

## २.९ जीवनसम्बन्धी मान्यता

कर्मवादी दीक्षित सदैव लगनशील बन्नुपर्ने विचार व्यक्त गर्दछन् । जीवनमा अनेकतम जटिलताहरू आउँछन्, तिनीहरूको सामना डटेर गर्नुपर्ने धारणा पनि उनमा पाइन्छ । जीवन सङ्घर्षको मैदान हो । यो सङ्घर्षमय जीवनमा लक्ष्य टाढा छ, त्यो लक्ष्य प्राप्तिका लागि

मानिसले निरन्तर क्रियाशील रहनुपर्छ भन्ने धारणा पनि व्यक्त गर्दछन् । सम्पूर्ण मानिसहरू एकै हुन्, रङ र जाति भनेर छुट्याउनु मूर्खता हो तसर्थ त्यस्तो विभेदलाई हटाउन समाजका हरेक अङ्ग लाग्नुपर्ने विचार उनी लिन्छन् । आफूसँग रहेको ज्ञान अरूलाई बाँड्न र परोपकारी भावना लिन निडर हुनुपर्ने धारणा पनि उनमा रहेको छ । भाषासाहित्य भनेका मानिसका विचार व्यक्त गर्ने उत्कृष्ट साधन हुन् । साहित्यको साधनमा भिन्न अनुभूति लेखक एवम् पाठकलाई हुनुपर्छ भन्ने विचार उनमा रहेको छ । साहित्य समाजको ऐना हो, यसले समाजको वास्तविकतालाई सम्पूर्णका माझ पुऱ्याउँछ । त्यसैले साहित्यसिर्जना गरिनै रहनुपर्छ भन्ने विचार पनि दीक्षित व्यक्त गर्दछन् । राजनीति, शिक्षा, विज्ञान, चिकित्सा आदि जनुसुकै क्षेत्रमा लागे पनि देशभक्तिको भावना हामीले कदापि बिर्सनु हुँदैन भन्ने धारणा पनि उनी व्यक्त गर्दछन् । आफू भलो त जगत् भलो भनेझैँ असल र खराब छुट्याउने कुरा मानिसको दृष्टिमा भरपर्छ । सदैव राम्रो नजरले हेर्ने हो भने सम्पूर्ण कुरा राम्रो देखिन्छ । स्वार्थले मानिसलाई अँध्यारो मार्ग मात्र देखाउँछ तसर्थ निस्वार्थी बनेर उज्यालो बाटोको खोजी गर्नुपर्छ भन्ने मान्यता उनी राख्दछन् । समाजमा हरेक प्रकारका मानिसहरू हुन्छन् । खराब प्रवृत्तिका मानिसले अर्काको प्रगतिमा बाधा पुऱ्याउन जस्तासुकै जघन्य अपराध गर्न सक्छन् तसर्थ तिनीहरूबाट सजग रहनुपर्छ भन्ने मान्यता पनि उनी राख्दछन् ।

समग्रमा पेसाप्रतिको बफादारिता, देशप्रतिको श्रद्धा, विकृति र विसङ्गतिको भण्डाफोर र स्वस्थ समाजको निर्माण, उज्यालो भविष्यको खोजी, निडर हुनुपर्ने विचार, परोपकारी भावनाजस्ता कुरामा मानिसले आफूलाई कन्जुस्याइँ गर्नु नहुने मान्यता उनको रहेको छ ।

## २.१० सुखदुःखका क्षणहरू

हेमाङ्ग दीक्षितले दोस्रो जीवन पाएका हुन् । मृत्युको कालो मुखाकृतिबाट उम्कँदा पाएको खुसी एवम् आनन्द नै उनका लागि जीवनको सबैभन्दा सुखद् क्षण भएको छ । यसका साथै यस अवस्थाबाट मुक्त गराउने उनका कलेजका विद्यार्थी, शुभचिन्तक, सहकर्मी एवम् आफन्तजनका कार्यप्रति पनि उनी अत्यन्त खुसी भएका छन् । दीक्षितको सबैभन्दा दुःखद् क्षण २०६१ वैशाख २९ गते भएको छ (हेर्नू : परिशिष्ट १) । त्यस दिन उनी काठमाडौँ शिक्षण अस्पतालतर्फ गइरहेका थिए । बानेश्वर हाइटमा पुगेपछि उनको गाडीको दायाँबाट एउटा ट्याक्सी र मोटरसाइकल हुइँकिए । त्यसबेला उनी पत्रिका पढ्नमा व्यस्त थिए । केही वस्तुले आफ्नो गाडीमा प्रहार भएजस्तो लाग्यो र उनको बायाँतिर आवाज आयो । टुक्रिएका सिसाहरू

उनका हातभरि छरिए । उनी ड्राइभरलाई केही भन्न खोज्दै थिए तर आवाज निस्किएन । दायाँ काधबाट आएको रगतले सेतो सर्ट भिजिरहेको देखे । कसले गोली हान्यो उनलाई थाहा भएन र अस्पष्ट शब्दमा ड्राइभरलाई अस्पताल लैजान सङ्केत गरे । अप्रेसन कक्षमा लगेपछि डा. सुनिल शर्माको टोलीले अप्रेसन गरी दुईवटा गोली निकाल्यो र उनी बाँच्न पुगे (हेर्नू : परिशिष्ट १) । यही घटना नै उनको जीवनको सबैभन्दा ठूलो र अत्यासलाग्दो दुःखद क्षण बन्न पुगेको छ ।

यस घटनाको मुख्य नाइके स्पाइडर ग्याङ्गको सन्दीप पाठक रहेछ । उसले दीक्षितलाई बेलाबेलामा धम्क्याउँदै पैसा असुल्ने काम गर्थ्यो । कहिले घरमा त कहिले कार्यालयमा फोन गरेर उनलाई पैसा नदिए मार्ने धम्कीसमेत दिने गरेको उनको स्विकारोक्ति छ (हेर्नू : परिशिष्ट १) । पछि एक्कासी घटेको उक्त अप्रिय घटनाले दीक्षितलाई अत्यन्त दुःखी तुल्याएको छ ।

## २.११ **जीवनयात्राका वर्तमान दिनहरू**

पुनर्जीवन पाएका दीक्षित हाल पूर्ण रूपमा स्वस्थ छन् । उनी काठमाडौँ शिक्षण अस्पतालमा प्रधानाध्यापक भएर कार्य गरिरहेका छन् । ७०/७१ वर्षको वृद्ध उमेरलाई परवाह नगरी आफ्नो पेसामा सक्रिय रूपमा लागिरहेका छन् । नियमित कार्यालय पुग्नु, आफ्नो जिम्मेवारी पूरा गर्नु, गोष्ठी, सेमिनार, बैठक आदिमा सहभागी हुनु उनका वर्तमानका कार्यहरू हुन् । बिदाको दिन परिवारसँग बसेर रमाइलो पनि गरिरहेका छन् । विभिन्न कार्यक्रमहरूका लागि देश तथा विदेशका विभिन्न ठाउँहरूमा पनि गइरहेका छन् । यसका साथै विभिन्न प्रकारका पुस्तकहरूको लेखन र प्रकाशनमा पनि लागिरहेका छन् । औषधोपचारसम्बन्धी, साहित्यसम्बन्धी, वैयक्तिक जीवनका घटनाहरूसम्बन्धी पुस्तकहरू लेख्ने तयारीमा रहेका छन् साथै पुराना पुस्तकहरूलाई सम्पादन गरेर पुनः प्रकाशन गर्ने कार्यमा जुटिरहेका छन् ।

## २.१२ **लेखन**

### २.१२.१ **लेखनका लागि प्रेरणा**

हेमाङ्ग दीक्षितले नेपाली साहित्यमा जम्मा दुईवटा उपन्यासहरू लेखेका छन् भने अन्य कृतिहरू अङ्ग्रेजी भाषामा लेखेका छन् । लेखनका लागि कुनै महत्त्वपूर्ण क्षण वा घटना नभएको उनको आत्मस्विकारोक्ति छ । उनले साहित्यिक कृतिको रचना गरेर नाम कमाउने उद्देश्य राखेका थिए । त्यसैकारण उनका दुईवटा उपन्यास प्रकाशमा आएका हुन् (हेर्नू : परिशिष्ट १) ।

यद्यपि बाल्यकालदेखि नै लेखनप्रति रुचि भने उनले राखेको पाइन्छ । विशेषगरी उनले चिकित्साविज्ञान सम्बन्धी पुस्तक तथा लेखरचनाहरू प्रकाशित गराएका छन् । यी पुस्तक तथा लेखरचनाका प्रेरणास्रोत भने उनकै पेसागत जीवन रहेको पाइन्छ । काम गरेर मात्र हैन लेखेर पनि विभिन्न विषयको ज्ञान बाँड्न सकिन्छ भन्ने भावना नै उनको लेखनको प्रेरणास्रोत बनेको छ ।

नेपाली साहित्यमा उनले **भक्तपुरको थुम्को** र **मुर्कट्टा** गरी दुईवटा औपन्यासिक कृतिहरू दिएका छन् । **भक्तपुरको थुम्को** लेख्दा उनलाई केही लेख्नुपर्छ भन्ने विचारले सताएको थियो भने **मुर्कट्टा**चाहिँ आफ्ना सहयोगीहरूका सल्लाहले प्रेरक भूमिका निर्वाह गरेको छ । यसरी कुनै ऐतिहासिक क्षण वा घटनाले साहित्यमा लाग्ने प्रेरणा नमिले पनि उनकै वैयक्तिक भावनाले नेपाली साहित्यमा लाग्ने प्रेरणा मिलेको पाइन्छ ।

## २.१२.२ पुस्तकाकार कृति र रचनाहरू

हेमाङ्ग दीक्षितले आफ्नो जीवनमा विभिन्न विषयमा एक दर्जनभन्दा बढी कृतिहरू प्रकाशित गराएका छन् । उनले नेपाली साहित्यको उपन्यास विधामा कलम चलाई दुईवटा कृतिहरू दिएका छन् । ती हुन् : **भक्तपुरको थुम्को** र **मुर्कट्टा** । यी दुईका अतिरिक्त उनको नेपाली भाषामा लेखिएको साहित्यिक कृतिहरू छैनन् । उनले अङ्ग्रेजी भाषाका माध्यमबाट भने विभिन्न उपन्यास, कथा, कविता तथा औषधोपचारसमन्धी पुस्तकहरूको रचना गरेका छन् (हेर्नू : परिशिष्ट १) ।

उनले रचना गरेका अन्य कृतिहरूमा **चन्द्र एन्ड डमरु** (बालकथा), **द रेड टेम्पल** ( उपन्यास), **कम टुमरो** (एउटा सिपाहीको जीवनी), **द एभेन्जिङ घोस्ट** (तीनवटा कविताहरूको सङ्ग्रह), **अन्नपूर्ण फेन्टासी** (राजनीतिक कुराहरू समावेश गरिएको बालकथा), **कन्फ्लिक्ट इन द हिमालयन** (मनमोहन प्रधानमन्त्री हुँदाका कुराहरू समावेश गरिएर लेखिएको उपन्यास), **नन्सेन्स भर्सेज फ्रम नेपाल** (राजेश के. सी. ले बनाएका चित्रहरूसहितको कवितासङ्ग्रह), **नेपाल्स क्वेस्ट फर हेल्थ** (औषधीसम्बन्धी), **फिफ्टी इयर्स माउन्टेन, फ्रेन्डस कोलोनी** (बाल कथा उपन्यास) तथा आफ्नै जीवनका परिघटनाहरू समावेश गरेर लेखिएको **माइ टु इनिङ्स**जस्ता कृतिहरू पनि उनले रचना गरेका छन् । दीक्षितले आफ्ना कृतिहरूमा कतै हेमाङ्ग दीक्षित त कतै मणि दीक्षित लेखेका छन् । उनले आफ्ना दुई उपन्यासमा वेदव्यास लेखेका छन् भने

औषधोपचारसम्बन्धी पुस्तकमा मणि दीक्षित र अन्यमा हेमाङ्ग दीक्षित नाममा पुस्तक प्रकाशित गराएका छन् (हेर्नू : परिशिष्ट १) ।

यसरी दीक्षितले उपर्युक्त पुस्तकाकार कृतिहरूको रचना र प्रकाशन गर्नुका साथै विभिन्न पत्रिकाहरूमा लेखहरू पनि छपाएका छन् ।

# तेस्रो परिच्छेद

# हेमाङ्ग दीक्षितको व्यक्तित्व

## ३.१ पृष्ठभूमि

व्यक्तित्व भन्नाले कुनै पनि व्यक्तिमा हुने निजी गुण, स्वभाव तथा विशेषतालाई बुझाउँछ । कुनै पनि व्यक्तिको व्यक्तित्व निरूपण गर्दा उसका जीनवभोगाइका सन्दर्भ, आफ्नो जीवनकालमा रहेका महत्त्वपूर्ण कार्य तथा जीवनका आरोहअवरोहहरूको आधार लिनुपर्दछ । उसको व्यक्तित्व निर्माणमा सामाजिक, राजनीतिक, आर्थिक तथा पारिवारिक पृष्ठभूमिले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । यसका साथै शिक्षा, रुचि, पेसा तथा जीवनजगत्प्रतिको दृष्टिकोणले पनि व्यक्तित्व निर्माणमा विशिष्ट योगदान दिएको हुन्छ । कुनै पनि व्यक्तिको व्यक्तित्वलाई आन्तरिक र बाह्य दुई प्रकारले छुट्याउन सकिन्छ । आन्तरिकअन्तर्गत उसका स्वभाव, गुण तथा उसले जीवनमा गरेका महत्त्वपूर्ण कार्यहरू पर्दछन् भने बाह्यअन्तर्गत उसको शारीरिक रूप, रङ, बनावट आदि पर्दछन् ।


हेमाङ्ग दीक्षितले आफ्नो जीवनकालमा महत्त्वपूर्ण कार्य गरेका छन् । नेपाली साहित्यको समुन्नतिका लागि उनले अमर कृतिहरू प्रदान गरेका छन् । जतिसुकै व्यस्तता एवम् जटिलता आए पनि उनले त्यसको परवाह नगरी नेपाली उपन्यासजगत्लाई समुन्नत बनाउन आफ्नो स्थानबाट प्रशस्त सहयोग गरेका छन् । त्यसैगरी स्वास्थ्य सेवामा रहेर सामाजिक कार्यहरू पनि गरेका छन् । दीक्षितको शारीरिक बनावट तथा उनले गरेका विशिष्ट कार्यका आधारमा उनको व्यक्तित्व बहुआयामिक देखिन्छ । यही आधारमा दीक्षितको योगदानको पहिचान गर्न सकिन्छ । तल यिनै बहुआयामिक व्यक्तित्वका धनी दीक्षितको व्यक्तित्वका विविध पाटाहरूको चर्चा गरिएको छ ।

## ३.२ शारीरिक व्यक्तित्व

शारीरिक व्यक्तित्व भन्नाले कुनै पनि व्यक्तिको शारीरिक रूप, रङ, उचाइ, मोटाइ आदि बाह्य आवरण भन्ने बुझिन्छ । हेमाङ्ग दीक्षितको शारीरिक अवस्था सुगठित देखिन्छ । उनी नियमित व्यायाम गर्छन् । होचोहोचो कदका दीक्षित लगभग ७० के. जी. का छन् (हेर्नू :

परिशिष्ट १) । करिब ५ फिट ४ इन्च उचाइ भएका दीक्षित गहुँगोरो वर्णका छन् । सुनौलो फ्रेमको चस्मा लगाउने उनी पेन्टसर्ट लागउन रुचाउँछन् । छोटोछरितो र सजिलो हुने भएकाले यही पोसाक उनको रुचि हो । कार्यालयमा आउँदा चिकित्सकहरूले लगाउने सेतो पोसाक पनि लगाउँछन् । सबै काम ठीक समयमा गर्नुपर्ने विचार भएका दीक्षित नित्य स्नान गर्दछन् । समग्रमा गहुँगोरो वर्णका दीक्षित सुगठित र आकर्षक देखिन्छन् ।

## ३.३ व्यक्तित्वका विविध पाटाहरू




यसको विस्तृत वर्णन तल गरिएको छ :

## ३.४ साहित्यिक व्यक्तित्व

### ३.४.१ उपन्यासकार व्यक्तित्व

हेमाङ्ग दीक्षितको साहित्यिक व्यक्तित्वमध्ये उपन्यासकार व्यक्तित्व महत्त्वपूर्ण देखिन्छ । उनले नेपाली उपन्यासजगत्मा दुईवटा महत्त्वपूर्ण कृतिहरू दिएका छन् । उनको **भक्तपुरको थुम्को** र **मुर्कट्टा** गरी दुईवटा उपन्यास प्रकाशित भएका छन् । दीक्षितले आफ्ना उपन्यासमा सामाजिक विषयवस्तुलाई अगाडि सारेका छन् । सरल भाषामा सामाजका विषयवस्तुलाई सर्वसाधारणले बुझ्ने गरी प्रस्तुत गर्नु उनको औपन्यासिक विशेषता हो । दीक्षित उपन्यासका माध्यमबाट सामाजिक विकृति र विसङ्गतिको भण्डाफोर गर्न चाहन्छन् । उनी समाजको

शान्तिसुरक्षामा बाधा पुऱ्याउने तत्त्वको समूल नष्ट हुनुपर्ने धारणा उपन्यासका माध्यमबाट व्यक्त गर्दछन् साथै स्वस्थ, स्वच्छ र निर्मल समाजको निर्माण गर्नुपर्ने अपेक्षा राख्दछन् । आफ्नो स्वार्थका लागि जघन्य अपराध गर्नेले देशलाई अधोगतितर्फ धकेल्छन् तसर्थ यसको नियन्त्रण गर्न हरेकले आआफ्नो क्षेत्रबाट जिम्मेवारी पूरा गर्नुपर्छ भन्ने विचार पनि आफ्ना औपन्यासिक कृतिमा व्यक्त गर्दछन् ।

यसरी साधारण पाठकले समेत बुझ्नेगरी सरल भाषामा समाजको अवस्था सम्पूर्णका माझ प्रस्तुत गर्ने दीक्षितको औपन्यासिक व्यक्तित्व सबल, सक्षम एवम् सशक्त देखिन्छ ।

### ३.४.२ **कवि व्यक्तित्व**

दीक्षितको दोस्रो महत्त्वपूर्ण साहित्यिक व्यक्तित्व कवि व्यक्तित्वका रूपमा देखिन्छ । उनका केही कविताहरू अङ्ग्रेजी भाषामा प्रकाशित छन् । उनका **एभेन्जिङ घोस्ट** र **नन्सेन्स भर्सेज फ्रम नेपाल** दुईवटा कवितासङ्ग्रह प्रकाशित छन् । यिनीहरू अङ्ग्रेजी भाषामा रचना गरिएका छन् । नेपाली भाषामा भने उनका कविताहरू प्रकाशित छैनन् । उनका कविताले जीवनभोगाइका अनुभव तथा इतिहास र समसामयिक राजनीतिलाई विषयवस्तु बनाएका छन् । मुक्तक शैलीमा कविताको रचना गर्नु उनको मौलिक विशेषता हो । कविताका माध्यमबाट उनी परिष्कृत समाजको निर्माण गर्न चाहन्छन् । उपन्यासकार व्यक्तित्वका तुलनामा कवि व्यक्तित्व गौण बनेको देखिन्छ ।

### ३.४.३ **कथाकार व्यक्तित्व**

दीक्षितको अर्को महत्त्वपूर्ण व्यक्तित्व कथाकार व्यक्तित्व हुनु हो । उनका कविताझैँ कथाहरू पनि अङ्ग्रेजी भाषामा लेखिएका छन् । विशेष गरी बालबालिकाको मानसिकताको चित्रण गर्नमा उनका कथाहरू सक्षम देखिन्छन् । **चन्द्र एन्ड डमरु** उनको पहिलो कृति हो र यो बालकथा हो । यसमा बालबालिकाका रुचिको विषयलाई समेटिएको छ र त्यो मनोरञ्जनमूलक एवम् शिक्षामूलक पनि छ । यसमा उनले बालबालिकालाई नैतिक उपदेश दिएर सत्मार्गमा लाग्ने उद्देश्यलाई प्राथमिकता दिएका छन् । उनका बाल कथोपन्यासका रूपमा ओ**भर द माउन्टेन र फ्रेन्ड्स कोलोनी** प्रकाशित छन् । यिनीहरूले पनि बालबालिकालाई मनोरञ्जन गर्दै शिक्षा दिने उद्देश्य राखेका छन् । यसरी दीक्षितको कथाकार व्यक्तित्व पनि थोरै मात्रामा सफल देखिन्छ ।

### ३.४.४ आत्मवृत्तान्तकार व्यक्तित्व

दीक्षितको व्यक्तित्व आत्मवृत्तान्तकारका रूपमा पनि फैलिएको छ । उनले आफ्नो जीवनभोगाइका क्रममा, शिक्षाग्रहणका क्रममा, पेसागत संलग्नताका क्रममा अनुभव गरेका र भोगेको परिस्थितिलाई समेटेर **माइ टु इनिङ्स** नामक कृति प्रकाशन गरेका छन् । उनका कथा, कविताझैँ यो कृतिको भाषा पनि अङ्ग्रेजी नै छ । उनको जीवनमा घटेको अप्रिय घटना नै यस कृतिरचनाको प्रेरणास्रोत बनेको छ । अङ्ग्रेजी भाषा नै भए पनि दीक्षितले यसलाई साहित्यिक मूल्य प्रदान गर्ने काम गरेका छन् । आफूले भ्रमण गरेका स्थानहरूको वर्णनमा कलात्मकता छ । प्रकृतिका सुन्दरतम स्थानहरूको चित्रण र भाषिक कलाकारिताको संयोजन यस कृतिमा पाइन्छ तसर्थ आत्मवृत्तान्तकारका रूपमा पनि उनको व्यक्तित्व सशक्त बनेको पाइन्छ ।

## ३.५ साहित्येतर व्यक्तित्व

### ३.५.१ चिकित्सक व्यक्तित्व

हेमाङ्ग दीक्षित पेसाले चिकित्सक भएका कारण उनको चिकित्सक व्यक्तित्व उच्च देखिन्छ । आफ्नो अध्ययनको समाप्तिपश्चात् उनले यही पेसा अँगालेका हुन् । उनको यो व्यक्तित्व विदेशका विभिन्न अस्पतालदेखि नेपालका विभिन्न अस्पतालहरूसम्म फैलिएको छ । सर्वप्रथम उनले च्यारिङ क्रस हस्पिटल मेडिकल स्कुलबाट चिकित्सा पेसा प्रारम्भ गरेका हुन् । यस पेसाको थालनीले उनको चिकित्सक व्यक्तित्वको निर्माणमा पृष्ठभूमिको निर्माण गरिदियो । यसपछि उनले डेर्बिसायर चिल्ड्रेन्स हस्पिटलमा कार्य गरे । यसबाट उनको व्यक्तित्व विकासले चुली टेक्दै गयो । विदेशका यी अस्पतालबाट चिकित्सक व्यक्तित्वनिर्माणको प्रारम्भ गरेका दीक्षितले स्वदेशमा नै बसेर आफ्नो व्यक्तित्व फैलाउने लक्ष्य लिएको पाइन्छ । नेपालमा वीर अस्पतालबाट सुरु भएको उनको कार्य कान्ति बाल अस्पताल हुँदै काठमाडौँ शिक्षण अस्पतालसम्मको लामो यात्रा चलिरहेको छ । चिकित्सक पेसामा संलग्न हुँदा उनको भावना व्यक्तिगत स्वार्थमा भन्दा परहितमा समर्पित देखिन्छ । यही कार्यबाट समाजसेवा गर्न सकिन्छ भन्ने भावनाबाट उनको हृदय प्रेरित देखिन्छ । उनले एक कुशल चिकित्सकका रूपमा आफ्नो जीवन निर्वाह गरेका छन् । त्यसैले उनको चिकित्सक व्यक्तित्व उच्च बनेको देखिन्छ । यही व्यक्तित्वका कारण उनलाई चिकित्सासम्बन्धी विभिन्न संस्थाहरूमा उच्च सम्मान प्रदान गरिएको छ साथै कदर र प्रशंसा पनि प्रदान गरिएको छ ।

यसरी देश तथा विदेशका विभिन्न अस्पतालहरूमा रहेर उनले निस्वार्थ चिकित्सासेवा प्रदान गरेका छन् । यही निस्वार्थी भावनाले सेवा गर्नुले उनको चिकित्सक व्यक्तित्व उच्च बनेको देखिन्छ साथै अन्य व्यक्तित्वभन्दा सफल र महत्त्वपूर्ण पनि देखिन्छ ।

## ३.५.२ **प्रशासनिक व्यक्तित्व**

हेमाङ्ग दीक्षितको व्यक्तित्व प्रशासनिक क्षेत्रमा पनि फैलिएको छ । उनको चिकित्सक व्यक्तित्वपछिको दोस्रो महत्त्वपूर्ण व्यक्तित्व प्रशासनिक व्यक्तित्व हो । उनले स्वास्थ्यसम्बन्धी विभिन्न संस्थाहरूका प्रशासनमा रहेर पनि कार्य गरेका छन् । उनको प्रशासनिक कार्य च्यारिङ क्रस हस्पिटल मेडिकल स्कुलबाट नै प्रारम्भ हुन्छ । यसमा उनी गृह अधिकारीका रूपमा काम गर्न पुग्छन् (हेर्नू : परिशिष्ट : १ ) । त्यसपछि डेर्विसायर चिल्ड्रेन्स हस्पिटलमा उच्च गृह अधिकारीका रूपमा काम गरेका दीक्षितले नेपालमा पनि विभिन्न स्वास्थ्य संस्थाको प्रशासनिक क्षेत्रमा काम गरेका छन् । उनी इन्स्टिच्युट अफ मेडिसिनमा डीन भएका छन् साथै सिद्धि मेमोरियल हस्पिटलको एक्युट डाइरिया रिचर्स प्रोजेक्टका निर्देशक पनि भएका छन् । समाज सेवार्थ स्थापना गरिएका विभिन्न सङ्घसंस्थाहरूको उपाध्यक्ष तथा अध्यक्ष जस्तो गरिमामय पदमा बसेर दीक्षितले आफ्नो प्रशासनिक व्यक्तित्वलाई उच्च बनाएका छन् ।

यसरी विभिन्न क्षेत्रका प्रशासनमा रहेर कुशलतापूर्वक आफ्नो कार्य पूर्ण गरेका दीक्षितको प्रशासनिक व्यक्तित्व उच्च देखिन्छ । हाल उनी काठमाडौँ शिक्षण अस्पतालको प्रशासनिक फाँटमा बसेर सफलतापूर्वक आफ्नो कार्य गरिरहेका छन् ।

## ३.५.३ **समाजसेवी व्यक्तित्व**

हेमाङ्ग दीक्षितको व्यक्तित्व समाजसेवीका रूपमा पनि फैलिएको छ । चिकित्सक भएर सर्वसाधारणलाई स्वास्थ्य सेवा प्रदान गर्नु उनको सबैभन्दा ठूलो समाजसेवा हो । यसका साथै उनी विभिन्न सङ्घसंस्थामा आबद्ध भएर समाजसेवार्थ लागिपरेका छन् । विशेषगरी बालबालिकासम्बन्धी विभिन्न संस्थामा रहेर उनले सहयोग गरेका छन् । बाल कल्याण समन्वय समिति, एस्. ओ. एस्. बालग्रामजस्ता संस्थामा आबद्ध रहेर बालबालिकालाई स्वास्थ्य सेवा प्रदान गर्नुका साथै उनीहरूको व्यक्तित्व विकास गर्ने कार्यमा जिम्मेवारीपूर्वक लागेका छन् । उनको समाजसेवी हृदय निस्वार्थी भावनाबाट प्रेरित देखिन्छ । यसका साथै समाज कल्याण परिषद्मा रहेर समाजका हरेक व्यक्ति तथा अङ्गलाई समुन्नत बनाउने कार्यमा पनि उनी सक्रिय रहेका देखिन्छन् । शिक्षा क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याउने कार्य पनि उनले गरेका

छन् । विद्यालय सञ्चालन समितिमा रहेर तथा पाठ्यक्रम निर्माण गरेर शैक्षिक विकासमा उल्लेखनीय कार्य गरेका छन् ।

यसरी स्वास्थ्य क्षेत्रमा, बालबालिकाको व्यक्तित्व विकासमा तथा सामाजिक संरचनाको रूपान्तरण गर्ने कार्यमा क्रियाशील बनेर आफ्नो समाजसेवी व्यक्तित्वको परिचय दिएका छन् तसर्थ उनको समाजसेवी व्यक्तित्व पनि उच्च देखिन्छ ।

### ३.५.४ प्राध्यापक व्यक्तित्व

दीक्षितको प्राध्यापकीय व्यक्तित्व अन्य व्यक्तित्वका तुलनामा गौण देखिन्छ । उनले केही संस्थामा रहेर स्वास्थ्य विषयको अध्यापन गराएका छन् । उनले चाइल्ड हेल्थ इन्स्टिट्युट अफ मेडिसिनमा सह प्राध्यापक भएर कार्य गरेका छन् साथै यस कार्यलाई उनले काठमाडौं शिक्षण अस्पतालमा पनि केही समय निरन्तरता दिएका छन् । उनको कार्य प्रयोगात्मक मात्र नभई सैद्धान्तिक रूपमा पनि अगाडि बढ्यो । आफूसँग भएको ज्ञान र सीपलाई उनले अध्यापन कार्यबाट अभिव्यक्त गरे । तसर्थ उनको प्राध्यापकीय व्यक्तित्व सफल देखिन्छ ।

## ३.६ जीवनी, व्यक्तित्व र कृतित्वबीच अन्तःसम्बन्ध

हेमाङ्ग दीक्षितले हालसम्मको अवधिमा नेपाली साहित्य, वाङ्मय तथा समाजसेवाका क्षेत्रमा उल्लेखनीय योगदान दिएका छन् । यिनै कार्यले दीक्षितको जीवनी एक सामान्य व्यक्तिभन्दा भिन्न राष्ट्रिय व्यक्तित्वका रूपमा स्थापित बन्न पुग्यो । दीक्षितका जीवनीका विविध घटनाबाट निर्मित उनको राष्ट्रिय व्यक्तित्व र उनीद्वारा रचना गरिएका कृतिहरूबीच परस्पर निकटता र सम्बन्ध रहेको देखिन्छ ।

नेपाली समाजमा घट्न सक्ने र घटेका विभिन्न आपराधिक घटनाका साथै विकृति र विसङ्गतिप्रतिको संवेदनशील आस्थाले दीक्षितको व्यक्तित्व निर्माणमा प्रभाव पारेको देखिन्छ । पेसागत उत्तरदायित्व, समाजसेवी भावना साथै साहित्यप्रतिको हार्दिक अभिरुचिले उनको लेखनमा ठूलो प्रभाव पार्‍यो । यसका साथै उनको शैक्षिक योग्यताले पनि उनको साहित्यिक कृतिको रचना र प्रकाशनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्‍यो । वैयक्तिक अभिरुचि एवम् सहकर्मीहरूको सहयोग र सुझाउ उनको लेखनमा महत्त्वपूर्ण प्रेरणा बनेका छन् । समाजसुधारको भावनालाई शिरोधार्य गर्ने दीक्षितले आफ्ना साहित्यिक कृतिहरूमार्फत समाजमा जरो गाडेर बसेका सामाजिक, राजनीतिक, मनोवैज्ञानिक एवम् आर्थिक असमानताको विरोध उनका लेखनका विषयवस्तु बनेका छन् ।

यसरी दीक्षितको चिकित्सक जीवनमा घटेका विविध घटना, उनले भोगेको समाज तथा राष्ट्रिय, अन्तर्राष्ट्रिय परिवेशले बनेको राष्ट्रिय व्यक्तित्व र तिनै व्यक्तित्वको प्रभाव उनको लेखनमा परेको देखिन्छ । यिनै विविध सन्दर्भ र परिवेश दीक्षितको जीवनी, व्यक्तित्व र कृतित्वलाई अन्तर्सम्बन्धित बनाउने मूलभूत कारण हुन् ।

# चौथो परिच्छेद

## उपन्यासतत्त्वका आधारमा हेमाङ्ग दीक्षितका उपन्यासहरूको विश्लेषण

### ४.१ 'भक्तपुरको थुम्को' उपन्यासको विश्लेषण

### ४.१.१ पृष्ठभूमि

**भक्तपुरको थुम्को** २०२६ सालमा प्रकाशित उपन्यास हो । यस उपन्यासमा समाजमा घटेका र घट्न सक्ने वास्तविक घटनाहरूको कलात्मक प्रस्तुतीकरण पाइन्छ । आजका युवा पैसा र मनोरञ्जनका लागि जस्तासुकै जघन्य अपराध गर्न पनि पछि पर्दैनन् भन्ने भावलाई सरल रूपमा यस उपन्यासमा प्रस्तुत गरिएको छ । समाजमा बढ्दै गएको आपराधिक क्रियाकलापले पारेको नकारात्मक असर र यसले निम्त्याउने सम्भावित दुर्घटना पनि यस उपन्यासले देखाएको छ साथै यस्ता विकृतिको समूल नष्ट गर्नुपर्छ भन्ने विचार पनि यस उपन्यासमा आएको छ । यस उपन्यासलाई यहाँ औपन्यासिक तत्त्वका आधारमा विभिन्न कोणबाट विश्लेषण एवम् मूल्याङ्कन गरिन्छ ।

### ४.१.२ सङ्क्षिप्त कथा

डा. मणि आफ्नो कार्यालयीय काम सिध्याएर वीर अस्पताल पुगेपछि उनलाई एक जना आत्मघातीको लाश पोस्टमार्टम गर्ने अभिभारा आइपर्छ । लाश जाँच गरिसकेपछि डा. मणिले त्यो आत्महत्या नभई हत्या भएको आशङ्का गर्छन् र त्यसको रहस्य पत्ता लगाउन उत्सुकता देखाउँछन् । आत्मघाती राजीव नेपालीको लाशमा कुनै षड्यन्त्र छ भन्ने कौतुहल मनमा लिई उनी आफ्नो घरतर्फ प्रस्थान गर्छन् । घरमा बसेर अखबारका पाना पल्टाइरहेका बेला एकजना भद्र किसिमको व्यक्तिले आएर उनको घर अगाडि आफ्नो सवारीसाधन रोक्छ । त्यो हेरिरहेका डा. मणि आफ्नी श्रीमतीलाई आफू घरमा नभएको झुटो बोल्न लगाउँछन् । अपरिचित व्यक्तिले डाक्टरलाई खोजेको कारण बताउँछ । ऊ भक्तपुरबाट आएको, घरमा एउटा बच्चा बिरामी भएको, घरनेर एउटा मूर्खले आफूलाई पासोमा हाली झुण्ड्याएको, त्यसैका कारण बच्चा बिरामी भएको र उसको अवस्था सोचनीय भएको जानकारी गराउँछ र डा. मणि नभएको जानकारी पाएपछि ऊ फर्कन्छ । अपरिचित व्यक्तिको कुराले मणिलाई सुरुमा आत्मग्लानि हुन्छ

र पछि आत्महत्या भएको ठाउँ सुन्दा उनलाई त्यसतर्फ जाने उत्सुकता जाग्छ र उनी भोलिको प्रतीक्षा गर्छन् ।

उनी भोलिपल्ट भक्तपुरतर्फ प्रस्थान गर्दछन् । सहर नजिकै एउटा थुक्को देखिन्छ र थुम्कोको मैदानी भागमा एउटा मन्दिर पनि देखिन्छ । त्यहाँ उनले एउटा ज्यापुलाई आत्महत्या भएको ठाउँका बारेमा सोध्छन् । ज्यापुले त्यही थुम्कोमाथिको मन्दिरनेर रहेको एउटा रूखमा भएको जानकारी दिनुका साथै त्यस मन्दिरमा हुने गरेका विभिन्न खराब क्रियाकलापका बारेमा समेत जानकारी दिन्छ । डा. मणि ट्याक्सीलाई तलै रोक्न लगाई थुम्कोतर्फ प्रस्थान गर्दछन् । बिस्तारै उनी थुम्कोमा अवस्थित मन्दिरको भित्र प्रवेश गर्छन् । अँध्यारो मन्दिरभित्र एक जना युवती आफ्नो बच्चासहित बसेकी हुन्छे र उनलाई देख्ने बित्तिकै बर्बराउन थाल्छे । ऊ आफ्नो पति राजीवलाई सम्बोधन गर्दै छेउमा बस्ने आग्रह गर्दै कहाँ गयौ ? भन्ने प्रश्न गर्छे । यस अप्रत्यासित घटनाले मणिलाई चकित बनाउँछ र पछि हट्न बाध्य हुन्छन् । संवादकै क्रममा नोर्पु, काले, जिमहन्टसँग राजीवको निकटतम सम्बन्ध रहेको रहस्य खुल्न आउँछ । त्यसपछि घटना अगाडि बढ्दै जाँदा नोर्पुको आगमन हुन्छ र केही बेरको चर्काचर्कीपछि डा. मणि र नोर्पुको परिचय हुन्छ । बच्चा जाँच्ने क्रम सिद्धिएपछि औषधी लिन नोर्पुको गाडीमा डा. मणि र ऊ काठमाडौँतर्फ प्रस्थान गर्छन् । औषधी लिएर फर्कँदै गर्दा कुराकानीका सिलसिलामा डा. मणिले प्रहरीको डाक्टर भएको बताएपछि नोर्पु सशङ्कित हुन्छ र उनलाई धम्क्याउने शैलीको भाषा प्रयोग गर्न थाल्छ । यही समयमा डा. मणिले उसलाई बेहोस बनाएर सिधै प्रहरी थानामा पुग्दछन् ।

ठानामा पुगेर आई. जी. पी. लाई टेलिफोनमार्फत् राजीव नेपालीको केस शङ्कास्पद भएको जानकारी गराउँछन् र एकपटक भेटेर कुरा गर्ने मनसाय प्रकट गर्दछन् । भेटमा डा. मणिले यस घटनाको अनुसन्धान गर्ने उत्सुकता देखाएपछि यस कामका लागि सहयोग गर्न आई. जी. पी. ले इन्स्पेक्टर थुलुङ्गको सहायता लिनु उचित हुने ठान्दै थुलुङ्गलाई बोलाउँछन् र घटनाको छानबिन गर्न अनुमति दिन्छन् । त्यसै दिनबाट मणि र थुलुङ्ग पुनः घटनास्थलतर्फ प्रस्थान गर्दछन् । त्यस ठाउँमा सन्नाटा देखिएपछि खाजा खान चौकीतिर लाग्छन् । अँध्यारो बढ्दै गएपछि पुनः थुम्कोतर्फ लाग्छन् । त्यसदिन लागूपदार्थको नसामा लठ्ठिएका व्यक्तिबाहेक अन्य केही रहस्य पत्ता लाग्दैन र प्रहरी जवानलाई सुरक्षा दिने आदेश दिँदै राजीवको घरतर्फ लाग्छन् । राजीवको पितासँग उसका विषयमा सोधपुछ हुन्छ र राजीव मरिसकेको जानकारी गराएर पुनः आआफ्नो घरतर्फ प्रस्थान गर्छन् । भोलिपल्ट उनीहरू राजीवको भाइ राघवलाई भेट्न जान्छन् ।

राघवलाई भेटी आवश्यक सोधपुछ गर्छन् र यथार्थ जानकारी गराई नोर्पु, काले, जिमहन्टका बारेमा केही थाहा भए भन्न आग्रह गर्छन् । राघवले पनि कहिलेकाहीँ साथीहरूलाई भेट्न आफ्नो दाजु पाल रेस्टुराँ र याक रेस्टुराँमा जाने गरेको बताएपछि ऊसँग अन्य कुरा सोध्नुपर्ने आवश्यकता देख्दैनन् र पछि समस्या आइपरे पुनः आउने विचार राख्दै त्यहाँबाट बिदा हुन्छन् । त्यसपछि उनीहरू सरासर पाल रेस्टुराँतर्फ लाग्छन् । त्यहाँ काम गर्ने एउटा ठिटोले राघवको हुलियासँग मिल्ने केटो आएर राजीवलाई धम्क्याएको बताउँछ । दुवैजना राघवमाथि शङ्का गर्दै पुनः याक रेस्टुराँतर्फ प्रस्थान गर्छन् । त्यहाँ पुगेर नोर्पु, जिमहन्ट र कालेका बारेमा सोधपुछ गरेपछि कहिलेकाहीँ आउने गरेको जानकारीबाहेक थप रहस्य पत्ता लाग्दैन । अरू एकदुईवटा होटल डुलेपछि सादा पोसाकका प्रहरीहरूको रिपोर्ट पढ्न ठानामा आउँछन् । रिपोर्टमा केही नभेटिएपछि पुनः वीर अस्पतालतर्फ प्रस्थान गर्दछन् ।

वीर अस्पतालको प्राङ्गणबाट बाहिरिएपछि उनीहरू आई. जी. पी.लाई भेट्न उनको कार्यालयमा पुग्दछन् । आई. जी. पी.ले अवैध रूपमा विदेशबाट भित्रिने लागूपदार्थको कारोबार गर्ने व्यक्ति पत्ता लगाउन मणि र थुलुङ्गलाई भारत पठाउने विचार व्यक्त गर्दछन् । सहमतिपश्चात् नक्कली पासपोर्ट बनाई उनीहरू भारततर्फ प्रस्थान गर्दछन् । त्यहाँ उनीहरूलाई कार्य गर्न सजिलो पर्छ र दुई दिनको बसाइपछि उनीहरू पुनः काबुल पुग्दछन् । काबुलमा उनीहरू होटल अफगानमा बस्छन् । त्यहाँ अवैध व्यापारका बारेमा केही जानकारी लिएपछि त्यस होटलबाट फर्कने बेलामा उनीहरूले औषधीका चक्कीहरू आफ्नै झोलासामु भेट्टाउँछन् र त्यसलाई लिएर पुनः भारतको होटल राजपथ आइपुग्छन् । त्यहाँ एक्कासी नोर्पुसँग मणिको भेट हुन्छ । ऊ तिनै औषधीका चक्कीहरू लिन आएको हुन्छ । केही क्षण दुवैजनाको घम्साघम्सी पर्छ र प्रहरी आएको थाहा पाएपछि अर्को भेटमा डा. मणिलाई मार्ने धम्की दिँदै त्यहाँबाट भाग्न सफल हुन्छ । त्यसपछि नोर्पु दिल्लीमा छ भन्ने जानकारी पाएपछि उसलाई पक्रने सल्लाह हुन्छ र दुवैजना काठमाडौँ फर्कन्छन् । उनीहरूको आई. जी. पी.सँग भेट हुन्छ । भेटमा उनले गुप्तचरहरू खटाएको जानकारी गराएकै बेला गुप्तचरहरूले जिमहन्टलाई पक्रेर ल्याउँछन् । आवश्यक प्रमाण नभएका कारण प्रहरीको रोहबरबाट ऊ पुनः मुक्त हुन्छ ।

एक दिन पुनः मणि र थुलुङ्ग भक्तपुरको थुम्कोतर्फ लाग्छन् । अँध्यारो भएकाले टर्च बाल्दै मणि भित्र पस्तछन् । त्यहाँ एउटा पित्तलको मूर्ति देखिन्छ । मूर्ति केही बाङ्गो हुन्छ । त्यसलाई छुने बित्तिकै लड्न पुग्छ र त्यहाँभित्र शर्मिला र उसकी छोरीको लाश देखिन्छ । यत्तिकैमा कतैबाट नोर्पुको आवाज आउँछ । उसले मणिलाई मार्न पेस्तोल के उज्याएको हुन्छ

उताबाट थुलुङ्गले उसको हातमा गोली प्रहार गर्छन् । केही क्षण थुलुङ्ग र नोर्पुको घम्साघम्सी परेपछि थुलुङ्गलाई घायल बनाएर ऊ त्यहाँबाट पनि भाग्न सफल हुन्छ । थुलुङ्ग होसमा आएपछि थुम्कोको यथार्थ विवरण आई. जी. पी. लाई बताउँछन् र नोर्पु भारततर्फ लागेको आशङ्कामा मणि र थुलुङ्ग पनि केही प्रहरी जवानसहित वीरगन्जतर्फ प्रस्थान गर्दछन् । कालीमाटीमा पुग्दा त्यहाँ नोर्पुको गाडी बिग्रिएको अवस्थामा फेला पर्छ । त्यसपछि पुनः वीरगन्जतिर लाग्छन् । वीरगन्ज पुगेर त्यो रात आराम गर्छन् र भोलिपल्ट वीरगन्ज घुम्ने क्रममा एउटा सोतोबाट अपरिचित व्यक्ति कतै गइरहेको देखेपछि उसको पिछा गर्दछन् । केही पर ससाना घरहरू भेटिन्छन् र त्यहाँ भाडामा बस्ने मान्छेले नेपालगन्जको व्यापारी कहिलेकाहीँ आउने गरेको जानकारी दिन्छ । व्यापारी पत्ता लगाउन पुनः दुवै जना नेपालगन्जतिर लाग्छन् । भोलिपल्ट बिहान त्यस व्यापारीको घर पत्ता लाग्दछ । घरको मूल ढोका ढक्ढक्याउँदा केही आवाज  आउँदैन । दस मिनेटपछि कोही हिँडेको आवाज सुनिन्छ र ढोका खुल्छ । त्यहाँ अचानक नोर्पु देखापर्छ । इन्स्पेक्टर थुलुङ्गको गोली प्रहारबाट लागूपदार्थका तस्करी नोर्पु ढल्न पुग्छ र मर्ने बेलामा राजीवको हत्या आफूले नगरेको बताउँछ । राजीवको हत्या रहस्यमय नै भएको भए पनि केही आनन्द महसुस गरी मणि र थुलुङ्ग काठमाडौं फर्कन्छन् ।

नोर्पुको मृत्युपश्चात् अनुसन्धानकार्य आधा सकिएकोमा केही खुसी हुँदै मणि र थुलुङ्ग आई. जी. पी. लाई भेट्न पुग्दछन् । ठानामा जिमहन्टलाई पुनः ल्याइन्छ र केरकार गरिन्छ साथै नोर्पु मरेको खबर पनि सुनाइन्छ । ठानामा राघवलाई पनि बोलाइन्छ र अन्त्यमा उसले देशको लागि खराब व्यक्तित्व बाँच्नुभन्दा मर्नु नै निको हुने भएकाले आफूले नै दाजुको हत्या गरेको स्वीकार गर्छ । हत्यारा पत्ता लागेपछि अनुसन्धान कार्य पनि सफल हुन्छ । यसरी नै उपन्यासको कथावस्तु टुङ्गिन्छ ।

### ४.१.३ **संरचना**

**भक्तपुरको थुम्को** उपन्यास एक सामाजिक यथार्थवादी उपन्यास हो र घटनाप्रधान उपन्यास हो । यस उपन्यासले बृहत जीवनको पक्षलाई उद्घाटन गर्न सकेको छैन । त्यसैले आयामको विस्तार पनि यसमा हुन सकेको छैन । १४० पृष्ठमा संरचित यस उपन्यासमा १, २, ३, ४ गरी चारवटा खण्डमा विभाजन गरिएको छ । यी खण्डहरूको उचित संयोजन भने गरेको पाइँदैन । अन्य खण्डका तुलनामा चौथो खण्ड अत्यधिक विस्तृत देखिन्छ । यस उपन्यासको पहिलो खण्ड १७ पृष्ठमा विस्तारित छ । जसमा पहिलो पल्ट नोर्पुलाई बेहोस बनाई हतारहतार

ट्याक्सी समातेर हनुमान ढोका थानातिर लागेको सम्मको घटना वर्णित छ । दोस्रो खण्ड १८ पृष्ठदेखि ३३ पृष्ठसम्म विस्तारित छ । यसमा हत्यारा पत्ता लगाउन गरिएको अनुसन्धानको क्रम र त्यस क्रममा राजीवको परिवारसँग भएको भेटघाटसम्मको घटना वर्णित छ । तेस्रो खण्ड ३३ पृष्ठदेखि ६२ पृष्ठसम्म विस्तारित छ र यसमा विभिन्न होटलहरूमा गरिएको अनुसन्धान वर्णित छ । चौथो खण्ड ६२ पृष्ठदेखि १४० पृष्ठसम्म विस्तारित छ । यस चौथो तथा अन्तिम खण्डमा बाँकी घटनाका साथै उपन्यासको अन्त्य गरिएको छ । यसरी कुनै शीर्षकबिना १, २, ३, ४ अङ्क दिएर खण्ड छुट्याए पनि खण्ड योजनाले पूर्णता पाउन भने सकेको छैन । चौथो खण्डलाई गुणन चिह्न (×) दिएर उपखण्डमा विभाजन गरिएको छ । चार खण्डमध्ये दोस्रो खण्ड सानो छ । आवश्यकताअनुसार उपन्यासभित्र विभिन्न प्रकारका चिह्नहरू प्रयोग गरिएको छ । प्रत्येक खण्डका अन्त्यमा साङकेतिक चिह्न दिएर त्यसका मुनि अर्को खण्डका लागि अङ्क राखिएको छ । यस उपन्यासमा छोटाछरिता वाक्यहरू प्रयोग गरिएका छन् । अनुच्छेदहरू पनि त्यति धेरै विस्तार गरिएका छैनन् । एउटा शब्द वा वाक्यलाई पनि एउटा अनुच्छेद बनाइएको छ । ...., ?, ! , । जस्ता चिह्नहरूले उपन्यासको संरचनालाई थप आकर्षक बनाएका छन् ।

### ४.१.४ **कथानक**

दीक्षितद्वारा रचना गरिएको **भक्तपुरको थुम्को** उपन्यासको कथानक डा. मणि, थुलुङ्ग, नोर्पु र मृतक राजीवसँग सम्बन्धित छ । डा. मणि र थुलुङ्गले सामाजिक अपराध नियन्त्रण गर्ने क्रममा बिताएको जीवनको एक अंश आएकाले यसले उनीहरूकै चरित्रलाई स्पष्ट पार्ने काम गरेको छ । राजीव नेपालीको हत्या पत्ता लगाउन तथा लागूऔषध अवैध रूपमा ओसारपसार गर्ने घटना उपन्यासको कथानकका रूपमा आएको यस उपन्यासमा घटनाको जोडाइ क्रमिक रूपमा भएको छ । यसमा आई. जी. पी., नोर्पु, काले, राघव आदिका प्रसङ्गहरू पनि जोडिन आएका छन् तथापि यसमा विविधताको झाँकी भने देख्न पाइँदैन ।

**भक्तपुरको थुम्को** उपन्यासको कथानकको स्रोत सामाजिक यथार्थवाद हो । समाजमा विभिन्न प्रकारका क्रियाकलापहरू बढिरहेका छन् र तिनीहरूले समाजको शान्ति, सुरक्षामा खलल पुऱ्याएका छन् भन्ने धारणालाई कथानकले समेटेको छ । कानुनको आँखामा छारो हालेर सामाजिक अपराध बढाउने युवा जमात दिनप्रतिदिन वृद्धि हुँदै गरेको अवस्थालाई यस उपन्यासमा देखाइएको छ । अवैध व्यापार, लागूपदार्थको कारोबार तथा व्यक्ति हत्याजस्ता जघन्य अपराधलाई सहज रूपमा लिई आफूलाई शक्तिसम्पन्न मान्ने प्रवृत्तिले निम्त्याएको

दुर्घटनालाई पनि यस उपन्यासमा देखाइएको छ । यस्ता अपराधको नियन्त्रण गर्न कतिसम्म सङ्घर्ष गर्नुपर्छ भन्ने कुरा पनि यसमा आएको छ । यस उपन्यासमा कथानकमा घटनाहरूको शृङ्खला क्रमबद्ध रूपमा आएको छ । डा. मणिले लाशको प्रकृति जाँचिसकेपछि आत्महत्या नभई हत्या भएको आशङ्का गर्नु र यसको रहस्य पत्ता लगाउन अनुसन्धान गर्ने उत्सुकता देखाउनु प्रथम र महत्त्वपूर्ण शृङ्खला हो । डा. मणि थुम्कोमा पुग्दा शर्मिलाको रहस्यमय कुरा थाहा पाउनु तथा त्यहाँ नोर्पुलाई भेट्नु, औषधी लिएर फर्कने क्रममा उसलाई मणिले आफ्नो परिचय बताउनु, नोर्पुले धम्क्याउँदा बेहोस बनाएर मणि थानामा पुग्नु यस उपन्यासको सङ्घर्ष विकास हो । आई. जी. पी. को सल्लाहअनुसार देश तथा विदेशमा नोर्पुको खोजी गर्नु, यस क्रममा नोर्पुसँग भेट हुँदा पटकपटक झडप पर्नु, नोर्पू भाग्न सफल हुनुजस्ता घटना यस उपन्यासको उपल्लो चुली हो । यसपछि घटनाको शृङ्खला तलतिर झर्न थाल्छ । थुम्कोबाट घाइते भएर नोर्पु नेपालगन्जतिर लाग्नु, मणि र थुलुङ्ग पछ्याउँदै जानु, नोर्पुलाई गोली हानी अन्तिम अवस्थामा पुऱ्याएको बेला उसले राजीवको हत्यारा आफू नभएको भनेर घटना रहस्यमा राख्दै मर्नुसम्मको घटना सङ्घर्ष ह्रास हो । अनुसन्धानको क्रममा कुल, परम्परा बिगार्ने र समाजलाई हानी पुऱ्याउने कार्य गरेकाले राजीव नेपालीलाई उसैको भाइ राघवले मारेको रहस्य पत्ता लगाउनु र अनुसन्धान टोलीले सन्तोषको श्वास फेर्नु चाहिँ यस उपन्यासको उपसंहार भाग हो ।

यस उपन्यासको कथानकको ढाँचा वर्तुलित नभएर रैखिक ढाँचामा आएको छ । रैखिक ढाँचामै भए पनि कुतूहलताको प्रयोग भने यस उपन्यासमा गरिएको पाइन्छ । यसमा बाह्य द्वन्द्व प्रबल देखिन्छ । खासगरी डा. मणि र थुलुङ्गको नोर्पुसँगको द्वन्द्व प्रबल रूपमा देखिएको छ । आन्तरिक द्वन्द्व चाहिँ सामान्य रूपमा डा. मणिमा देखिएको छ । यसै क्रियाकलाप र द्वन्द्वबीच **भक्तपुरको थुम्को** उपन्यासको कथानक निर्माण भएको छ ।

## ४.१.५ चरित्र र चरित्रचित्रण

**भक्तपुरको थुम्को** उपन्यासमा हेमाङ्ग दीक्षितले थोरै पात्रलाई सफलताका साथ प्रस्तुत गरेका छन् । यस उपन्यासमा पुरुष, स्त्री, प्रमुख, सहायक, गौण, अनुकूल, प्रतिकूल, गतिशील, गतिहीन, व्यक्तिगत, मञ्चीय, नेपथ्य, बद्ध, मुक्त आदि प्रवृत्तिका पात्रहरूको प्रयोग गरिएको छ । यसमा पुरुष पात्रहरूको तुलनामा स्त्री पात्र एकदमै न्यून देखिएका छन् । सन्दर्भअनुसारकै पात्रहरूको प्रयोग गर्नुले उपन्यास सरल, सहज, पठनीय देखिन्छ ।

उपन्यासमा प्रयोग भएका पात्रहरूको चारित्रिक विशेषताका आधारमा केही महत्त्वपूर्ण पात्रको चरित्रचित्रण गरिएको छ ।

### ४.१.५.१ डा. मणि

**भक्तपुरको थुम्को** उपन्यासका डा. मणि पेसाले डाक्टर हुन् । प्रहरी सेवामा चिकित्सकका रूपमा देखिएका डा. मणिकै केन्द्रीयता र सक्रियतामा यस उपन्यासको आद्योपान्त भएको छ । आत्मघातीको लाश जाँच्ने क्रममा आत्महत्या नभई हत्या भएको शङ्काका आधारमा सर्वप्रथम उनी अनुसन्धान गर्ने उत्सुकता देखाउँछन् । आई. जी. पी.को सल्लाहअनुसार थुलुङ्गको सहयोगमा व्यक्ति हत्या तथा अवैध कारोबार गर्ने तथा नोर्पुजस्ता अपराधीको खोजी गर्न देशविदेश पुग्छन् । यस क्रममा पटकपटक नोर्पुसँगको भेटमा आफ्नो जीवनको पर्वाह नगरी आफ्नो कार्यमा क्रियाशील रहन्छन् र सफलता पनि प्राप्त गर्दछन् ।

उपन्यासमा चरित्रहरू विभिन्न विशेषताहरू बोकेर प्रस्तुत भएका हुन्छन् । यस्ता विशेषता छुट्याउने लिङ्ग, कार्य, जीवनचेतना, आबद्धता, आसन्नता, प्रवृत्ति, स्वभावजस्ता आधारहरू हुन्छन् । यस उपन्यासका डा. मणि लिङ्गका आधारमा पुरुष पात्र हुन् । उनलाई उपन्यासबाट हटाउने हो भने सम्पूर्ण कथावस्तु अगाडि बढ्न सक्तैन यसर्थ उनी उपन्यासका केन्द्रीय वा प्रमुख र मञ्चीय पात्र पनि हुन् । सदैव सकारात्मक भूमिकामा देखिएका मणि प्रवृत्तिका आधारमा अनुकूल पात्र हुन् । सकारात्मक भूमिका निर्वाह गरी पाठकको सहानुभूति प्राप्त गर्ने सत्पात्र हुन् । उपन्यासमा उनी परिस्थितिअनुसार आफ्नो सोच वा जीवनाधारलाई बदल्ने पात्र भएकाले गतिशील देखिन्छन् । निश्चित सामाजिक वर्गको भूमिकामा भने उनी नदेखिएकाले उनलाई व्यक्तिगत चरित्रका रूपमा स्थापित गरिन्छ । उनलाई झिक्दा कथाको संरचना नै भत्कने हुनाले डा. मणि यस उपन्यासका बद्ध चरित्रका रूपमा देखा पर्दछन् ।

### ४.१.५.२ इन्स्पेक्टर थुलुङ्ग

थुलुङ्ग यस उपन्यासमा डा. मणिको सहयोगीका रूपमा देखिएका छन् । प्रहरी सेवामा आफ्नो जीवन समर्पण गरेका थुलुङ्ग आफ्नो कार्यप्रति बफादार देखिएका छन् । आफूलाई आइपरेको जिम्मेवारी कुशलतापूर्वक सम्पन्न गर्न पनि उनी सक्षम देखिन्छन् । थुलुङ्ग जति सक्षम छन् त्यति नै सचेत पनि छन् । आफ्नो कार्य कतिसम्म सावधानीपूर्वक गरे सफल बन्न सकिन्छ भन्ने कुरामा चनाखो छन् र कार्य पूर्ण गर्न सफल पनि भएका छन् । अप्ठ्यारा परिस्थितिसँग नडराउने थुलुङ्ग निडर पात्रका रूपमा पनि देखिएका छन् ।

पुरुष पात्रका रूपमा देखिएका थुलुङ्ग यस उपन्यासमा प्रमुख भूमिकामा देखिएका छन् । असत् पक्षलाई पराजित गरेर सत्पक्षको स्थापना गर्नुपर्छ भन्ने मान्यता बोकेका थुलुङ्ग सकारात्मक भूमिकामा देखिएका हुनाले उनी अनुकूल प्रवृत्तिका पात्र हुन् । यस उपन्यासमा उनी परिस्थितिअनुसार बदलिएका हुनाले उनको स्वभाव गतिशील देखिन्छ । जीवनचेतनाका आधारमा व्यक्तिगत स्वभाव भएका थुलुङ्ग उपन्यासमा उपस्थित भई कार्यव्यापार वा संवाद प्रस्तुत गर्ने मञ्चीय पात्र हुन् । उनलाई झिक्दा पनि कथाको संरचना भत्किने हुनाले यसमा बद्ध पात्रका रूपमा उपस्थित भएका छन् ।

### ४.१.५.३ **नोर्पु**

नोर्पु यस उपन्यासको अर्को महत्त्वपूर्ण पात्र हो । सम्पूर्ण उपन्यासको कथावस्तु नोर्पुको क्रियाकलापको अन्त्यका लागि केन्द्रित छ । राजीवलाई कुलतमा फसाउन उसको ठूलो भूमिका देखिन्छ । लागूपदार्थको ओसारपसार र कारोबार गर्ने ऊ आफ्नो स्वार्थका लागि जस्तोसुकै जघन्य अपराध गर्न पनि पछि पर्दैन । उसको अवैध व्यापार नेपालका विभिन्न स्थानदेखि विदेशसम्म फैलिएको छ । बाहिर सभ्य र भलाद्मी देखिए पनि भित्रभित्रै ऊ क्रूर प्रवृत्तिको छ । पैसा र इज्जतका लागि व्यक्तिहत्या गर्न पनि तयार हुन्छ । उसले यस उपन्यासमा आफ्नो बचाउका लागि शर्मिला र उसकी छोरीको समेत हत्या गरेको छ । यसरी नोर्पुजस्ता खराब प्रवृत्तिका पात्रले समाज र देशलाई नै अँध्यारो बाटोतर्फ धकेल्ने भएकाले यस्ता व्यक्तिको समूल नष्ट गर्नुपर्ने चाहना यस उपन्यासले राखेको छ ।

प्रमुख भूमिकामा देखिएको नोर्पु यस उपन्यासमा पुरुष पात्र हो । यसमा ऊ नकारात्मक भूमिकामा देखापरेको छ र पाठकको घृणा प्राप्त गरेको छ । उसले आफूलाई सदैव नराम्रो कामप्रति लगाएको हुनाले ऊ यस उपन्यासको प्रतिकूल पात्र बनेको छ । उसले कहिल्यै पनि आफ्नो स्वभाव, बानी, सिद्धान्त र जीवनधारालाई परिवर्तन गरेको छैन । त्यसैले उसको स्वभाव यसमा गतिहीन देखिन्छ । नोर्पुले निश्चित सामाजिक वर्गको भूमिका निर्वाह नगरी आफ्नो निजी वैशिष्ट्य वा स्वभाव देखाएका कारण ऊ व्यक्तिगत चरित्र हो । उसले उपन्यासमा उपस्थित भई संवाद वा कार्यव्यापार प्रस्तुत गरेको छ त्यसर्थ आसन्नताका आधारमा ऊ मञ्चीय पात्र हो । उसलाई पनि उपन्यासबाट झिक्ने हो भने उपन्यासको संरचना भत्कन पुग्छ त्यसर्थ आबद्धताका आधारमा ऊ बद्ध पात्रका रूपमा आएको छ ।

### ४.१.५.४ आई. जी. पी

यस उपन्यासमा आई. जी. पी., डा. मणि र थुलुङ्गका सल्लाहकार र मार्गनिर्देशकका रूपमा देखिएका छन् । उनी मणि र थुलुङ्गलाई कसरी अनुसन्धान गर्न सकिन्छ । यसलाई सावधानीपूर्वक सम्पन्न गर्नका लागि केकस्ता उपाय अपनाउनुपर्छ र आपराधिक गतिविधिलाई नियन्त्रण गर्न केकस्ता कार्य गर्नुपर्छ भन्ने कुरामा सचेत देखिन्छन् र त्यसैअनुसार निर्देशन पनि गर्दछन् ।

सहायक भूमिकामा देखिएका उनी यस उपन्यासमा पुरुष पात्र हुन् । सकारात्मक भूमिकामा देखिएका उनी अनुकूल प्रवृत्ति भएका पात्र हुन् । समयसापेक्ष आफ्नो स्वभाव परिवर्तन गर्ने भएकाले गतिशील पात्रका रूपमा देखिन्छन् । जीवनचेतनाका आधारमा उनी व्यक्तिगत चरित्र हुन् । वर्तमान बिन्दुमा सक्रिय रहेका उनले संवाद पनि प्रस्तुत गरेका छन् तसर्थ उनी मञ्चीय पात्र हुन् । उनको उपस्थिति नभए पनि कथानक अगाडि बढ्ने हुनाले उनलाई मुक्त पात्रका रूपमा राख्न सकिन्छ ।

### ४.१.५.५ उपन्यासका अन्य पात्रहरू

यस उपन्यासमा अन्य थुप्रै पात्रहरू पनि छन् । तिनीहरू केवल प्रमुख पात्रले कथानक अगाडि बढाउने क्रममा प्रसङ्गवश आएका छन् । त्यस्ता पात्रहरूमा राघव, काले, जिमहन्ट, शर्मिला, शर्मिलाकी छोरी, राजीवका पितामाता, प्रहरीहरू, होटलको म्यानेजर, होटलमा काम गर्ने केटाहरू, भक्तपुरको ज्यापु, भारतीय प्रहरी बलवीर सिंह, अफगानी प्रहरी मोहाबजादा, पाइलटहरू र ट्याक्सी ड्राइभरहरू आदि पर्दछन् । यिनीहरूमध्ये राघव राजीवको आफ्नै भाइ हो जसले दाजुको हत्या गरेको छ । उसले आफ्नो कुल, परम्परा बचाउनका लागि तथा समाजमा विकृति ल्याउनेले बाँच्नुभन्दा मर्नु नै जाति हुने धारणा राखेर राजीवलाई खानामा विष हाली मार्ने काम गरेको छ । शिक्षित व्यक्ति तथा वैचारिक उचाइ भएकाले व्यक्तिले हत्याजस्तो अमानवीय कार्य उसले आवेशमा गरेको छ । शर्मिला यस उपन्यासकी एक मात्र मञ्चीय नारी पात्र हो यद्यपि उसको भूमिका उपन्यासमा गौण देखिन्छ । आफ्नो पति राजीवको मृत्यको खबरसमेत नपाएकी शर्मिलाले अन्त्यमा नोर्पुजस्तो अपराधीका हातबाट मर्नु परेको छ । काले र जिमहन्ट नोर्पुका सहयोगीका रूपमा देखिएका छन् भने यिनीहरू लागूपदार्थको सेवन तथा ओसारपसारमा संलग्न भए पनि हत्यामा भने संलग्न भएका छैनन् । यसरी यी पात्रहरू कथानकलाई विकसित बनाउने सन्दर्भमा मात्र आएका छन् । यी पात्रहरू समय र

परिस्थितिअनुसार उपन्यासमा देखिएका छन् जसले यथार्थ परिवेशको निर्धारण गर्न मद्दत पुगेको देखिन्छ । यिनीहरूमध्ये केही नेपथ्य र केही मञ्चीय छन् । अन्य पात्रहरूको भूमिका उपन्यासमा गौण देखिन्छ ।

### ४.१.६ पर्यावरण

उपन्यासमा पात्रहरूको कार्यकलाप गर्ने, घटनाहरू घट्ने स्थान, समय र त्यसको मानसिक प्रभावलाई पर्यावरण भनिन्छ । पर्यावरण एउटा परिस्थिति पनि हो जसले पाठकलाई बाँध्ने काम गर्दछ । पर्यावरणअन्तर्गत देश, काल र वातावरण पर्दछन् ।

यस **भक्तपुरको थुम्को** उपन्यासका पात्रहरूले काठमाडौं, भक्तपुर, नेपालगन्जजस्ता देशभित्र तथा भारत र काबुलजस्ता विदेशी भूमिलाई समेत आफ्नो घटनाको स्थान बनाएका छन् । विशेषगरी घटना घटेको स्थान भक्तपुरमा भए पनि अनुसन्धान प्रक्रियालाई अगाडि बढाई उपन्यासलाई निष्कर्षमा पुऱ्याउन यसका पात्रहरूले विभिन्न स्थानको उपयोग गरेका छन् । परम्परावादी सोच, अज्ञानता, अशिक्षा, गरिबी, सन्त्रासजस्ता कुराको सङग्रह बनेर आफ्नो परिचय गुमाइरहेको गाउँको भूगोललाई पनि यसमा यथार्थपूर्ण ढङ्गमा प्रस्तुत गरिएको छ । लागूपदार्थको ओसारपसारका लागि विभिन्न सुरक्षित स्थानलाई केन्द्र बनाएर आफ्नो तस्करीको साम्राज्य बढाउने काम खराब आचरणका पात्रले गरेका छन् । तसर्थ यस उपन्यासको स्थानिक पर्यावरण देशी भूमिदेखि विदेशी भूमिसम्म आएको छ । यस उपन्यासमा स्थानको अन्विति नपाइए पनि समयलाई अन्वित गर्न खोजिएको छ । करिब दसदेखि पन्ध्र दिनसम्मको समयलाई उपन्यासका पात्रले उपयोग गरेका छन् । नेपालमा चेतनाको पूर्ण विकास नभइसकेको समयलाई यस उपन्यासमा उतारिएको छ ।

### ४.१.७ दृष्टिबिन्दु

उपन्यासमा कथयिताले कथावाचनका लागि उभिन वा बस्न रोजेको ठाउँ नै दृष्टिबिन्दु हो । यसैबाट कथयिताले कसरी घटना एवम् चरित्रहरूको वर्णन तथा उपस्थापन गर्छ भन्ने कुराको निर्धारण हुन्छ । यसले कसले कथा भनेको छ र कसरी कथा भनिएको छ भन्ने कुरालाई बुझाउँछ । कतै कथयिताले आफू नै औपन्यासिक कथानकमा पसेर बोल्ने अनुमति पाएको हुन्छ भने कतै सानो ढोकाबाट देखिएका कुराहरू र कतै सम्पूर्णतः ओकल्ने छुट पाएको छ । यस आधारमा दृष्टिबिन्दु बाह्य वा तृतीय पुरुष र आन्तरिक वा प्रथम पुरुष गरी दुई प्रकारको हुन्छ ।

प्रस्तुत **भक्तपुरको थुम्को** उपन्यास बाह्य तथा तृतीय पुरुष दृष्टिबिन्दुमा संरचना गरिएको छ । यस उपन्यासका सम्पूर्ण कथानकको कथयिता लेखक स्वयम् हुन् र उनी उपन्यासभन्दा बाहिर बसेर दृश्य एवम् मानसिक जगत्मा विचरण गरिरहेका छन् । सबै पात्रका मनका भावना थाहा पाई प्रस्तुत गर्ने र हरेक घटनालाई आफैँ टिप्पणी तथा विश्लेषण गर्ने भएकाले यसमा तृतीय पुरुषअन्तर्गतको सर्वदर्शी दृष्टिबिन्दु प्रयोग गरिएको छ ।

### ४.१.८ प्रतीक र बिम्ब

कुनै पनि मूर्त वस्तुको प्रयोगद्वारा अमूर्त गुण वा भावको उल्लेख गर्न सकिन्छ । यसरी प्रंयोग गरिने वस्तु वा घटना जसले सामान्य वा सोझो अर्थ नबुझाएर त्यसभन्दा निकै परको अर्थ बुझाउँछ भने त्यस्तो वस्तु वा घटनालाई प्रतीक भनिन्छ । बिम्ब भनेको कुनै पनि वस्तुको मस्तिष्कमा पर्ने छाया हो । उपन्यासमा यस्तो छाया बसाउने माध्यम भाषा हुन्छ । शब्दका माध्यमबाट स्रोता वा पाठकका मस्तिष्कमा कुनै स्थिति, घटना, स्थान वा पात्रको यथार्थसदृश पारिदिने पद्धतिलाई बिम्बविधान भनिन्छ ।

यो उपन्यास मूलतः घटनाप्रधान उपन्यास हो । यसमा त्यस्ता कुनै बिम्ब र प्रतीकहरूको प्रयोग गरेको पाइँदैन तर उखानको प्रयोग भने केही ठाउँमा गरेको देखिन्छ । जस्तै : 'चोइटा खान आएकी बूढी झोलमा डुबेर मरी' (पृ. २५), 'के खोच्छस् काना आँखो' (पृ. ५५) आदि । सरल रूपमा घटनालाई अगाडि बढाइएको छ । प्रतीकात्मक रूपमा यस उपन्यासको रचना गरिएको पाइँदैन । यद्यपि यस उपन्यासमा प्रयोग भएका डा. मणिलाई आदर्शका प्रतीक मानिन्छ भने जोन स्मिथजस्ता व्यक्तिलाई चोरी र तस्करी गर्ने व्यक्तिको प्रतीकका रूपमा स्वीकार गर्न सकिन्छ । उपन्यास आफैँमा एउटा भाषिक प्रतीक भए पनि यसको शीर्षकलाई पनि प्रतीकात्मक रूपमा प्रयोग नगरी सरल ढङ्गमा चयन गरिएको छ । बिम्बले चाहिँ अमूर्तलाई मूर्तता दिन अमूर्तकै प्रयोग गर्दछ तर यो एक घटनाप्रधान सामाजिक यथार्थवादी उपन्यास भएका कारण यसमा बिम्ब प्रयोगको आवश्यकता ठानेका छैनन् वा सामान्य रूपमा प्राकृतिक बिम्बहरूको प्रयोग गरिए पनि स्पष्ट रूपमा गरिएको पाइँदैन ।

### ४.१.९ गति र लय

**भक्तपुरको थुम्को** बाह्य तथा तृतीय पुरुष दृष्टिबिन्दुमा रचिएकाले कथयिताले सम्पूर्ण घटना, क्रिया र मानसिकताको वर्णन उपन्यासमा बाहिरै बसेर गरेका छन् तर पात्रहरूलाई उचित रूपले खेल्ने मौका पनि ठाउँठाउँमा दिइएको पाइन्छ । दृश्यात्मक पद्धतिको अत्यधिक

उपयोगले गर्दा पनि यसमा गति खासै ढिलो भएको छैन । पात्रहरूको मानसिकतामा देखिने आशा र निराशा, आक्रोश र पलायनजस्ता कुराहरू प्रस्तुत गरेर लेखकले पाठकीय वातावरणको संयोजन गरी लयमा टेवा पुऱ्याएको हुन्छ तर यसमा लय पक्ष कमजोर देखिन्छ । यसमा कवितात्मक तथा बिम्बात्मकताको प्रयोग नपाइएकाले उचित लयको संयोजन गर्न सकेको देखिँदैन । यस उपन्यासमा गतिको प्रयोग तीव्र रूपमा गरिए पनि लयमा त्यति ध्यान दिइएको पाइँदैन ।

### ४.१.१० भाषा

उपन्यास भाषाद्वारा मूर्त रूपमा प्रकट हुने साहित्यिक कला हो र यो भाषाकै रूपमा शक्तिशाली बन्दछ । यथार्थलाई वरण गर्ने साहित्यिक विधा भएकाले उपन्यासमा गद्य भाषाको प्रयोग गरिन्छ । यसमा कथ्य र लेख्य दुवै भाषाको प्रयोग आवश्यकताअनुरूप हुने गर्दछ । अन्य साहित्यिक विधाभन्दा जीवनको विस्तृत आयामलाई समेट्ने हुँदा यसमा भाषाको सम्पूर्ण शक्तिको प्रयोग पनि गरिन्छ । कथ्य विषयलाई पाठकसमक्ष प्रभावशाली ढङ्गले सम्प्रेषण गर्ने सामग्री उपन्यासकारसँग भाषाबाहेक अरू केही हुँदैन ।

यस **भक्तपुरको थुम्को** उपन्यासको भाषा सरल एवम् सरस छ जसले साधारण पाठकलाई पनि बुझ्न सजिलो पार्छ । यसमा विचलनयुक्त भाषाको प्रयोग गरिएको पाइँदैन । सरल भाषामा नै घटनाक्रम अगाडि बढाइएको छ । मध्यम वर्गीय परिवारले बोल्ने भाषा प्रयोग गरिएको छ । आवश्यकताअनुसार अङ्ग्रेजी र हिन्दी भाषाका वाक्यहरू पनि प्रयोग गरिएको छ । छोटाछोटा वाक्यको प्रयोगले उपन्यासलाई थप पठनीय बनाएको छ । पात्रको संवादका तुलनामा लेखककै टिप्पणी र मूल्याङ्कन धेरै भए तापनि ती छोटा, सरल र रोचक छन् । थोरै भए पनि संवादको प्रयोगले पाठकलाई एकहोरो वर्णनबाट मुक्ति दिलाएको पाइन्छ । **भक्तपुरको थुम्को** उपन्यासको भाषाले समाजकै यथार्थलाई टिपेर पात्रअनुकूल बनाएको देखिन्छ ।

यस उपन्यासमा उच्च आदरार्थीदेखि मध्य र निम्न स्तरको भाषाको प्रयोग उपन्यासकारले गरेका छन् । जस्तै : “उहाँलाई ज्यादाजसो अफिसकै कामले फुरसत हुँदैन ।” ( पृ. ५) । यो  उदाहरण उच्च आदरार्थीको हो भने निम्न आदरार्थीको उदाहरण यसप्रकार छ : “यसका पनि दुइटा छोरा भए ।’...भन्दै आफ्नी स्वास्नीतिर औंल्यायो ।” (पृ. ३२) । उपन्यासमा विभिन्न स्थानमा अशुद्ध शब्द तथा वाक्यहरूको प्रयोग पनि गरिएको देखिन्छ । जस्तै : हजूर (पृ. ३१), तपाईंसंग (पृ. ३४) आदि । आगन्तुक शब्दहरूमा संस्कृतको नियमअनुसारकै पञ्चम वर्णको

प्रयोग गरिएको पाइन्छ । जस्तै : जिम हण्ट (पृ. ३७), रेष्टुँरा (पृ. ३७), इण्डियन (पृ. ५५) आदि । त्यस्तै प्रस्तुत उपन्यासमा ग्रामीण भेगमा बोलीचालीमा प्रयुक्त शब्दहरू पनि प्रयोग गरिएको देखिन्छ । जस्तै : "तिमीलाई के कुरा थाहा छ ? लौ सुनुम् त...इन्स्पेक्टर थुलुङ्गले सोधे ।" (पृ. ४३) । पात्रअनुसारको बोलीचालीको प्रयोग पनि यस उपन्यासमा उपन्याकारले गरेका छन् । यहाँ नेवार जातिले आफ्नै लवजमा बोलेको वाक्यलाई उपन्याकारले यसरी प्रस्तुत गरेका छन. : "उ...ट्यही माठीको मन्डीडनिरको एउटा रूखमा हो, क्या हो हजूर ।" (पृ. ७) ।

### ४.१.११ शीर्षकको सार्थकता

**भक्तपुरको थुम्को** एक सामाजिक यथार्थवादी उपन्यास हो । यसले भक्तपुर जिल्लाको एउटा थुम्को छेउमा घटेको घटनालाई प्रस्तुत गरेको छ  । राजीव नेपालीको रहस्यमय हत्या भएको ठाउँ भएकाले त्यहाँबाट केही तथ्य फेला पार्ने उद्देश्य डा. मणि राख्छन् । यसमा घटेको घटनाले लागूपदार्थको व्यापार गर्ने नोर्पुजस्ता पात्रहरूलाई समाप्त पार्न सफल हुन्छन् । यसैका आधारमा यस उपन्यासको शीर्षक **भक्तपुरको थुम्को** राखिएको छ र शीर्षक सार्थक पनि छ । शीर्षक प्रतीकात्मक अर्थमा आएको छैन । अभिधा अर्थमा नै यसको शीर्षक चयन गरिएको छ । घटना घटेको प्रमुख स्थल र त्यहीँबाट अगाडि बढाएर अनुसन्धान प्रक्रियालाई निष्कर्षमा पुऱ्याइएको हुनाले भक्तपुरको थुम्को शीर्षक सार्थक देखिन्छ ।

## ४.२ 'मुर्कट्टा' उपन्यासको विश्लेषण

### ४.२.१ पृष्ठभूमि

साहित्यकार हेमाङ्ग दीक्षित वेदव्यासद्वारा रचना गरिएको दोस्रो उपन्यासको नाम **मुर्कट्टा** हो । उपन्यासकार दीक्षितले यस उपन्यासको विषयवस्तुको रूपमा सामाजिक यथार्थलाई नै लिएका छन् । यसमा **भक्तपुरको थुम्को** उपन्यासपछिको घटनाक्रमलाई जोड्ने शैली अपनाइएको छ । जोर गणेश प्रेस प्रा. लि. को मुद्रकत्व तथा यती जेबी पुस्तक प्रा. लि. को प्रकाशकत्वमा प्रकाशित यस उपन्यासको प्रथम संस्करण २०२६ साल रहेको छ । घटना तथा पात्रहरू काल्पनिक रहेको जानकारी दिँदै कसैको वास्तविक जीवनसँग मेल खाएमा संयोग मात्र हुने कुरा प्रारम्भमा उल्लेख गरिएको छ । यस उपन्यासमा अपराध नियन्त्रणमा सहयोग पुऱ्याउने अधिराज्यका सम्पूर्ण चिकित्सकहरूमा समर्पण चढाइएको छ । यसरी सामाजिक अपराधलाई

नियन्त्रण गर्न सघाउ पुऱ्याउने दीक्षितको **मुर्कट्टा**उपन्यासलाई औपन्यासिक तत्त्वका आधारमा निम्नअनुसार विश्लेषण गरिन्छ ।

### ४.२.२ **सङ्क्षिप्त कथा**

थुम्कोको घटना सकिए लगत्तै चिया खाने सिलसिलामा इन्स्पेक्टर थुलुङ्गले आफ्नो पूर्ववृत्तान्तको वर्णन गरेर **मुर्कट्टा**को कथा प्रारम्भ हुन्छ । चाल्नाखेल अगाडि वाग्मतीको पारिपट्टि शिकालीको मन्दिरनेर ढिस्कोमा फेला परेको लाटोको लाश जाँच्ने क्रममा यसको अनुसन्धान गर्न डा. मणि उत्सुक देखिन्छन् । गाउँ फर्क राष्ट्रिय अभियानको सिलसिलामा डा. मणि थुलुङ्गको सल्लाह लिएर चाल्नाखेल प्रस्थान गर्दछन् । गाउँका प्रधानपञ्चले बस्ने व्यवस्था मिलाइदिएपछि टाउको काटिएकी केटीको लाश भेटिएको र खुट्टाका आधारमा केटीकी आमाले उसलाई चिनेको आपराधिक घटना डा. मणिलाई प्रधानपञ्चले सुनाउँछन् । बस्ने व्यवस्था भएकाले उनी चोभारतिर घुम्न निस्किन्छन् । लाटो र केटीका बीचको आपसमा सम्बन्ध भएको थाहा पाउनासाथ दुवैको मृत्युमा केही सम्बन्ध छ भन्ने कुरा मणिको मनमा उब्जन थाल्छ । चोभार घुम्ने क्रममा एउटी बालिकासँग मणिको भेट हुन्छ । बालिकाले एउटा छाप्रोमा पसल गरेर आमाले जीविका चलाउने कुरा जानकारी दिएपछि मणि छाप्रोतिर लाग्छन् । छाप्रोमा पुग्नु अगावै बाटामा एउटा कपडा नभएको डोली देखिन्छ । छाप्रोमा एउटी आइमाई र अधबैसे मानिस बसिरहेका हुन्छन् । चुरोट किन्ने बहानामा ती दुईसँग मणिको व्यङ्ग्य संवाद चल्छ । सुन्तलीले डोलीका बारेमा केही जानकारी दिन खोज्दा ऊ आमाको गालीबाट चुप लाग्छे । यहाँ बढ्ता जानकारी नपाउने देखी मणि पुनः चोभारको झोलुङ्गे पुलतिर प्रस्थान गर्दछन् । पुलमा भेटिएको टाटोलाई खुर्किएर खल्तीमा हालेपछि उनी चाल्नाखेल आइपुग्छन् ।

भोलिपल्ट बिरामी जाँच्ने काम सिध्याएर एउटा गाउँलेलाई लिई मणि शिकाली मन्दिरको ढिस्कोतर्फ लाग्छन् । वाग्मतीको पुल तरेपछि गाउँलेले यो ठाउँमा तर्साउने गरेको खुलासा गर्दछन् । शिकालीको मन्दिरमा मूर्ति नदेखिएपछि गाउँले र मणि दुवैको होसहवास उड्छ । मन्दिरको पछाडि भेटिएका कपडाका केही टुक्राहरू लिएर मणि बासस्थानतर्फ फर्कन्छन् । तेस्रो दिनको बिरामी जाँच्ने क्रममा केटीकी आमा चन्द्रमाया पनि आइपुग्छे चन्द्रमायाबाट केटीको तेह्रौँ दिनको तिथिसम्म लाटो आउने गरेको जानकारी लिएर मणि पुनः चोभार गणेशस्थानतिर जान्छन् । छाप्रोमा आइमाई, अधबैँसे मान्छे र एक जना हट्टाकट्टा जवान बसेको देखेपछि मणि चुरोट किन्ने निहुँमा त्यता लाग्छन् । त्यहाँ पुनः केहीबेर व्यङ्ग्यसंवाद चलेपछि उनी पुलतिर

लाग्छन् । पुलको मध्यभागमा पुग्नासाथ बञ्चरोले फलामको तारमा ट्याङ्ग हानेको आवाज आउँछ । मणि झन्डैझन्डै लड्ने अवस्थामा पुगे पनि बञ्चरो हान्ने मान्छेलाई पत्ता लगाउन जुर्मुराउँछन् तर अँध्यारो भइसकेकाले ठम्याउन सक्तैनन् । बञ्चरो लिएर उनी छाप्रोतिर लाग्छन् । त्यहाँ अगिको जवान नदेखिएछि उनी सरासर बासस्थानतिर जान्छन् । चौथो दिनको काम सकेपछि मणिको यात्रा दक्षिणकालीतिर लम्कन्छ । दक्षिणकालीमा हलुवाइ पसलेबाट पैसा बन्धकमा राखेर डोली लिएर गएको जानकारी पाएपछि रहस्य पत्ता लाग्ने खुसी जाग्छ र यो घटना थुलुङ्गलाई सुनाउनै पर्छ भनेर मणि थुलुङ्गलाई भेट्न पुग्छन् । थुलुङ्गलाई आफूले थाहा पाएजति कुरा सुनाएर घरतर्फ लाग्छन् र पुनः भोलिपल्ट चाल्नाखेलतर्फ प्रस्थान गर्दछन् । त्यहाँ पुग्दा राति मणिलाई मार्न मान्छे आएको जानकारी गराएपछि बाँकी दुई दिनको काम घरबाट धाएर सिध्याउने निधो गर्दछन् । यति गरेर छाप्रोमा आउँदा धामीको भेषमा थुलुङ्ग हत्यारा पत्ता लगाउन कोसिस गरिरहेको देख्छन् । थुलुङ्गले मनोवैज्ञानिक पद्धतिबाट रहस्य खुलाउन प्रयास गरेपछि अधबैंसे मान्छेले सत्य कुरा भन्न थाल्छ । यही बेला जवान केटालेअधबैंसेलाई खुकुरीले काटेर त्यहाँबाट कुलेलम ठोक्छ । यस क्रममा बाँसबारीमा बस्ने गरेको अङ्ग्रेज र उसको सहयोगी रामेले यी सम्पूर्ण घटना सञ्चालन गरेको खुलासा हुन्छ । रामेलाई पछ्याउँदै जाँदा ऊ हरियो गाडीमा चढेर काठमाडौँतिर भाग्न सफल हुन्छ । यत्तिकैमा पछाडिबाट एउटा व्यक्तिले मणिलाई घायल बनाएर भाग्दछ । मणि गाडीको नम्बर सम्झँदै चोभार गणेशस्थानतर्फ लाग्दछन् । त्यस मन्दिरमा पुजारीलाई भुइँमा लडाएर मूर्ति चोरिएको देख्न पुग्दछन् । फर्किएर छाप्रोकी आइमाईलाई सोधपुछ गर्दा मूर्ति चोर्न लागेको देखेका लाटो र केटीलाई त्यही कारण मारेको आशङ्का व्यक्त गर्दछे ।

यसपछि थुलुङ्ग र मणिको अनुसन्धान बाँसबारी वरपर थालिन्छ । त्यहाँ मणिले सम्झिएको गाडीको नम्बर तथा अङ्ग्रेज व्यक्ति जोन स्मिथको नाम थाहा हुन्छ । त्यहाँ उर्मिला नाम गरेकी अपाङ्ग केटी र छाप्रोमा भेटिएकी सुन्तली पनि देखिन्छन् । त्यस घरबाट तिनीहरूलाई उद्धार गरेर मणि र थुलुङ्गले थुलुङ्गको घरमा पुऱ्याउँदछन् । उर्मिलाले आफ्नो बाल्यकालीन दुःखद् अवस्था र जोन स्मिथको सहयोगको घटना बताइरहेकी हुन्छे । यी सबै घटना आई. जी. पी. लाई सुनाउने राय प्रकट गरी उनीहरू आई. जी. पी. लाई भेट्छन् र घटनावृत्तान्त सुनाउँछन् । आई. जी. पी. को सल्लाहअनुसार उनीहरू काबुल हुँदै जोन स्मिथको व्यापार पत्ता लगाउन बैङ्ककतर्फ प्रस्थान गर्दछन् । हवाइजहाजमा उनीहरूको दोस्रोपटक जोन

स्मिथसँग भेट हुन्छ । थाइल्यान्डमा स्मिथको अवैध कारोबारको जानकारी लिएर उनीहरू नेपाल फर्कन्छन् । थाइल्यान्ड प्रहरीले जोन स्मिथलाई काठमाडौं फर्कने चेतावनी दिन्छ । फर्कँदा पुनः उनीहरू जोन स्मिथसँगै फर्कन्छन् । काठमाडौंमा जोन स्मिथको पिछा गर्न गुप्तचर खटाएर उनीहरू आई. जी. पी. लाई भेट्न जान्छन् । अर्को दिन आई. जी. पी.सँग कुरा गरिरहेका बेला गुप्तचरले पशुपतिमा जोन स्मिथ र उसका सहयोगीहरू रहेको जानकारी दिएपछि सबैजना उनीहरूलाई पक्रन त्यतैतिर लाग्छन् । त्यहाँ चारैतिरबाट घेरा हालेर जोन स्मिथ र उसका सहयोगीलाई पक्रन सफल पनि हुन्छन् । यसपछि मुद्दा टुङ्गिएको खुसी प्रकट गर्दै सबैजना बिदा हुन्छन् । सुन्तलीलाई उसकी आमासँग पुऱ्याइदिएर एक्ला थुलुङ्ग उर्मिलासँग बिहे गरेर घरजम गर्न थालेपछि उपन्यासको सुखद् अन्त्य हुन्छ ।

### ४.२.३ **संरचना**

**मुर्कट्टा** एक सफल सामाजिक यथार्थवादी उपन्यास हो साथै घटनाप्रधान उपन्यास पनि हो । यसमा बृहत् जीवनको पक्षलाई उद्घाटन नगरिएकाले आयामको विस्तार पनि भएको छैन । १०० पृष्ठमा संरचित यस उपन्यासलाई दुईवटा कथामा बाँडिएको छ । पृष्ठ २५ सम्म जाउलाखेलकी नानी शीर्षक दिएर थुलुङ्गको पूर्ववृत्तान्त प्रस्तुत गरिएको छ साथै वर्माकी केटी विवाह गरेर ल्याएका थुलुङ्गले आफ्नै श्रीमतीको चरित्रलाई उद्घाटन गरेको छुट्टै कथा यसमा वर्णन गरिएको छ । उपन्यासको अग्रभागमा क्रमशः प्रकाशक, मूल्य, संस्करण, सर्वाधिकार, मुखपृष्ठ, मन्तव्य, मुद्रक र समर्पणका शब्दहरू राखिएको छ । जाउलाखेलकी नानीको कथा वर्णन गर्ने क्रममा (★) चिह्न दिएर अगिल्लो उपन्यास पढ्ने सङ्केत दिइएको छ । पृष्ठको तल्लो भागमा भने मुर्कट्टा शब्द नै राखिएको छ । पहिलो कथा २५ पृष्ठमा टुङ्गिएपछि तीनवटा तारा चिह्न दिइएको छ र २६ पृष्ठबाट वास्तविक उपन्यासको कथा प्रारम्भ गरिएको छ । यस उपन्यासमा विभिन्न भाग वा अध्यायहरू नछुट्याए पनि प्रसङ्ग बदल्नु परेमा तारा चिह्न, रेखा चिह्नहरू दिइएको छ । सरल भाषामा संरचित यस उपन्यासका अनुच्छेद एवम् वाक्यहरू पनि छोटाछरिता छन् । यस उपन्यासमा एक शब्द वा वाक्यका अनुच्छेद पाइँदैन । ........., ?, ! जस्ता चिह्नहरूले उपन्यासको संरचनालाई आकर्षक बनाउनुका साथै पठनीय एवम् आस्वादनीय पनि बनाएका छन् ।

### ४.२.४ कथानक

हेमाङ्ग दीक्षित 'वेदव्यास' द्वारा रचना गरिएको **मुर्कट्टा** उपन्यासको कथानक मणि, थुलुङ्ग एवम् उर्मिला र जोन स्मिथसँग सम्बन्धित छ । अपराध नियन्त्रणका लागि बिताएको जीवनको एक अंश आएकाले यसले तिनै पात्रहरूको चरित्रलाई प्रस्ट पार्ने काम गरेको छ । हत्याको आशङ्कामा गरिएको अनुसन्धानबाट नेपालीहरूसँग मिलेर विदशी नागरिकले नेपालका बहुमूल्य वस्तु एवम् प्राचीन कलाकृति तथा सांस्कृतिक सम्पदाको तस्करी गर्ने गिरोहको खोजी नै यस उपन्यासको कथानकका रूपमा प्रस्तुत भएको छ । यस उपन्यासमा घटना क्रमबद्ध रूपमा आए पनि ठाउँठाउँमा उपकथालाई जोडेर थप आकर्षक एवम् पठनीय बनाइएको छ ।

**मुर्कट्टा** उपन्यासको कथानकको स्रोत सामाजिक यथार्थवाद हो । नेपालका प्राचीन कला, संस्कृति विदेशीका हातमा परेर अवैध रूपमा बिक्रीवितरण गरिन्छ र यसका लागि समाजका निर्दोष व्यक्तिहरू अनाहकमा मारिन्छन् भन्ने भावनालाई यस उपन्यासको कथानकले समेटेको छ । पैसा र स्वार्थका लागि मानिसले समाजलाई दिनप्रतिदिन कलुषित बनाउँदै लगेको अवस्थालाई यस उपन्यासमा देखाइएको छ । नेपालका सांस्कृतिक सम्पदाहरू चोरेर विदेशमा उच्च मूल्यमा बेच्नेहरूलाई नेपालीहरूले नै सघाएकोप्रति यस उपन्यासमा दुःख प्रकट गरिएको छ र यसको संरक्षण एवम् नियन्त्रण गर्न स्थानीय स्तरबाटै गृहकार्य गर्नुपर्ने भावना पनि यसमा व्यक्त गरिएको छ ।

यस उपन्यासको कथानकमा घटनाहरूको शृङ्खला क्रमबद्ध रूपमा आएको छ । चियापानमा थुलुङ्गले आफ्ना जीवनका अविस्मरणीय क्षणहरू सुनाउनु तथा केटी र लाटोको लाश जाँचिसेकपछि हत्याको आशङ्कामा अनुसन्धान गर्ने जाँगर मणिले देखाएपछि उपन्यासको सुरुआत हुन्छ । यही घटना नै यसको प्रथम र महत्त्वपूर्ण शृङ्खला हो । त्यसपछि गाउँ फर्क राष्ट्रिय अभियानका सिलसिलामा डा. मणि चाल्नाखेलतर्फ लाग्नु, त्यहाँ पुगेर अनुसन्धानका प्रारम्भिक चरण पूरा गर्नु, तथ्यहरू फेला पार्दै अनुसन्धान प्रक्रिया अगाडि बढाउनु, झाँक्रीको भेषमा मनोवैज्ञानिक अनुसन्धान गर्ने क्रममा हरिको मृत्यु हुनु तथा गाडीमा भागेको रामेको सहयोगी बाँसबारीमा बस्ने जोन स्मिथले मूर्ति चोर्नेलगायतका आपराधिक क्रियाकलाप गरेको खुलासा हुनु यस उपन्यासको सङ्घर्षविकास हो । बाँसबारीमा जोन स्मिथको घर पत्ता लाग्नु, उर्मिलाबाट उसको आपराधिक क्रियाकलापका बारेमा जानकारी लिनु, गेटमा करेन्ट लागेर जोन स्मिथ भाग्नु र उर्मिला तथा सुन्तलीको उद्धार गर्नु यस उपन्यासको उपल्लो चुली हो । यसपछि

घटनाको शृङ्खला तलतिर झर्न थाल्छ । जोन स्मिथ थाइल्यान्डतिर मूर्ति लिएर लाग्नु, उसको क्रियाकलाप पत्ता लगाउन मणि र थुलुङ्ग त्यतैतिर जानु, इन्स्पेक्टर लिरापुनले तीन दिनभित्रमा बैङ्कक छोड्ने चेतावनी दिनु तथा पुनः सँगै काठमाडौँ फर्कनु यस उपन्यासको सङ्घर्षह्रास हो । काठमाडौँमा गुप्तचर खटाउनु, आई. जी. पी. सँग कुरा गर्दैगर्दा गुप्तचरबाट जोन स्मिथ, रामे आदि पशुपतिमा रहेको जानकारी पाउनु, पशुपतिमा सबैलाई गिरफ्तार गर्नु, मुद्दाको टुङ्गो लागेपछि थुलुङ्ग र उर्मिला वैवाहिक सम्बन्धमा बाँधिनु यस उपन्यासको उपसंहार भाग हो ।

यस उपन्यासको कथानकको ढाँचा वर्तुलित नभएर रैखिक ढाँचामा आएको छ । कुतूहलताको प्रयोग यस उपन्यासमा सफलतापूर्वक गरिएको पाइन्छ । यसमा बाह्य द्वन्द्व प्रबल रूपमा आएको छ । यद्यपि आन्तरिक द्वन्द्व पनि सामान्य रूपमा प्रयोग भने गरिएको पाइन्छ । खासगरी थुलुङ्ग र मणिको द्वन्द्व जोन स्मिथ र रामेसँगको द्वन्द्व प्रबल रूपमा देखिएको छ । डा. मणिमा आन्तरिक द्वन्द्व सामान्य रूपमा पाइन्छ । यस्तै क्रियाकलाप र द्वन्द्वका बीचमा **मुर्कट्टा** उपन्यासको कथानक निर्माण गरिएको छ ।

## ४.२.५ चरित्र र चरित्रचित्रण

थोरै पात्रलाई लिएर उपन्यासको रचना गर्ने हेमाङ्ग दीक्षितले यस **मुर्कट्टा** उपन्यासमा पनि थोरै पात्रको सफलतापूर्वक प्रयोग गरेका छन् । यस उपन्यासमा पुरुष, स्त्री, प्रमुख, सहायक, गौण अनुकूल, प्रतिकूल, गतिशील, गतिहीन, व्यक्तिगत, वर्गगत, मञ्चीय, नेपथ्य, बद्ध, मुक्तजस्ता पात्रहरूको प्रयोग पाइएको छ । यस उपन्यासमा पुरुष पात्रको तुलनामा स्त्री पात्रको प्रयोग न्यून रूपमा गरिए पनि **भक्तपुरको थुम्को** उपन्यासको तुलनामा केही बढी प्रयोग गरिएको पाइन्छ । घटनाको प्रसङ्ग र सन्दर्भअनुसारकै पात्रहरूको प्रयोग गरिएकाले उपन्यास सहज एवम् सरल बन्न पुगेको छ । यस उपन्यासमा प्रयोग भएका पात्रहरूका चारित्रिक विशेषताका आधारमा केही महत्त्वपूर्ण पात्रहरूको चरित्रचित्रण प्रस्तुत गरिन्छ ।

### ४.२.५.१ डा. मणि

डा. मणि **मुर्क**ट्टा उपन्यासका प्रमुख एवम् केन्द्रीय चरित्र हुन् । उनले यस उपन्यासमा पेसाले डाक्टरका रूपमा कार्य गरेका छन् । उनी यस उपन्यासका नायक हुन् । डा. मणिकै केन्द्रीयता र सक्रियतामा यस उपन्यासको आद्योपान्त भएको छ । लाटो र केटीको लाश जाँच्ने क्रममा हत्या गरिएको हुनसक्ने आशङ्काले उनी अनुसन्धान गर्ने उत्सुकता देखाउँछन् र गाउँफर्क राष्ट्रिय अभियानका सिलसिलामा घटनास्थल पुगेर आफ्नो कार्य प्रारम्भ गर्दछन् । यसै

क्रममा चोरी र आपराधिक क्रियाकलापलाई बढाउने जोन स्मिथ र रामेजस्ता कुतत्त्वको खोजीका लागि विभिन्न अप्ठ्यारा परिस्थिति उठाउन पनि पछि पर्दैनन् । नेपालका सांस्कृतिक सम्पदालाई बेच्ने गिरोह र व्यक्ति हत्या गर्न समेत पछि नपर्ने समाजका खराब प्रवृत्तिका मानिसको भण्डाफोर गर्न आफ्नो जीवनलाई दाउमा राखेर काम गर्न क्रियाशील हुन्छन् र यसमा सफलता पनि प्राप्त गर्दछन् ।

उपन्यासमा चरित्रहरू विभिन्न विशेषताहरू बोकेर आएका हुन्छन् । तिनीहरूलाई लिङ्ग, प्रवृत्ति, आसन्नता, आबद्धता, जीवनचेतना आदिका आधारमा छुट्याइन्छ । यस उपन्यासका मणि लिङ्गका आधारमा पुरुष पात्र हुन् । उनलाई उपन्यासबाट हटाउने हो भने सम्पूर्ण कथावस्तु अगाडि बढ्न सक्तैन तसर्थ उनी यसका मञ्चीय एवम् प्रमुख पात्र पनि हुन् । सदैव सत्पक्षलाई आत्मसात गर्ने भएकाले अनुकूल पात्र हुन् । उनले सकारात्मक भूमिका निर्वाह गरेर पाठकको सहानुभूति प्राप्त गरेका छन् । समय र परिस्थितिअनुसार आफ्नो विचार वा सोचाइ परिवर्तन गर्न सक्ने पात्र भएकाले डा. मणि गतिशील चरित्रका देखिन्छन् । निश्चित सामाजिक वर्गको प्रतिनिधि पात्रका रूपमा नदेखिएकाले उनी व्यक्तिगत चरित्रका रूपमा स्थापित भएका छन् । उनलाई झिक्दा कथानकको संरचना नै भत्किने हुनाले यस उपन्यासका बद्ध चरित्रका रूपमा डा. मणि देखापर्दछन् ।

### ४.२.५.२ **इन्स्पेक्टर थुलुङ्ग**

डा. मणिको सहयोगी पात्रका रूपमा देखिएका थुलुङ्ग पनि यस उपन्यासका नायक हुन् । पेसाले प्रहरी भएकाले उनी आफ्नो कार्यप्रति पूर्ण लगनशील छन् । अनुसन्धान प्रक्रियालाई सरल एवम् सहज बनाउन उनले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । स्वच्छ समाजको निर्माण गर्न उनी सचेत छन् । आफ्नो वैयक्तिक अनुभवका कारण उनी यस्ता कार्यमा सफल पनि देखिन्छन् । विभिन्न उपायहरूद्वारा अनुसन्धान प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन उनको महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ । उनी आफ्नो पेसाप्रति जति निष्ठावान् छन त्यत्ति नै उदार भावनाका पनि छन् । उनले उर्मिलाजस्तो हाम्रो समाजले अशक्त भनेर हेला गरिएकी नारीलाई अपनाएर उदार मानवीय भावनाको परिचय दिएका छन् ।

यस उपन्यासका पुरुष पात्र थुलुङ्ग प्रमुख भूमिका निर्वाह गर्ने चरित्र हुन् । असत् पक्षलाई पराजित गरेर सत्पक्षको स्थापना गर्नुपर्छ भन्ने भावना भएका थुलुङ्ग सकारात्मक भूमिकामा देखिएकाले उनलाई अनुकूल पात्रका रूपमा स्विकारिएको छ । परिस्थितिअनुसार

बदलिएकाले उनी गतिशील चरित्रका रूपमा देखिएका छन् । जीवनचेतनाका आधारमा व्यक्तिगत स्वभाव भएका थुलुङ्ग यस उपन्यासमा उपस्थित भई कार्यव्यापार वा संवाद प्रस्तुत गर्ने भएकाले मञ्चीय पात्र पनि हुन् । थुलुङ्गलाई झिक्दा पनि यस उपन्यासको कथानक अपूर्ण हुने हुनाले वा संरचना भत्किने हुनाले यसमा बद्ध पात्रको रूपमा उपस्थित भएका छन् ।

### ४.२.५.३ जोन स्मिथ

यस उपन्यासको अर्को महत्त्वपूर्ण पात्र जोन स्मिथ हो । यस उपन्यासको सम्पूर्ण कथानक उसकै आपराधिक क्रियाकलापको अन्त्यका लागि केन्द्रित रहेको छ । ऊ अङ्ग्रेजी मूलको मानिस हो । उसले केही नेपालीहरूलाई पैसाको लोभ देखाएर नेपालका विभिन्न मन्दिरहरूबाट मूर्ति चोर्ने गरेको र यसलाई विदेशमा लगेर बढी रमक असुल्ने गरेको छ । उसको खराब कार्यमा बाधा पार्ने जोसुकैलाई हत्या गर्न लगाउने कार्य गरेको छ । पैसा र शक्तिका भरमा हिन्दूहरूले बर्जित गरे पनि विभिन्न मठमन्दिरमा पसेर त्यहाँका मूर्तिहरू चोर्ने गरेको छ । पाप धुरीबाट कराउँछ भनेझैँ उसको पोल नखुली छाड्दैन । अन्त्यमा ऊ त्यही खराब कामकै कारण पक्राउ पर्छ ।

जोन स्मिथ यस उपन्यासको प्रमुख भूमिकामा देखिएको पुरुष पात्र हो । यसमा ऊ नकारात्मक भूमिकामा देखिएको छ र पाठकबाट पाउने सहानुभूतिको सट्टा घृणा प्राप्त गरेको छ सदैव आफूलाई खराब कामतिर प्रवृत्त गराएकाले ऊ यस उपन्यासको प्रतिकूल पात्रका रूपमा उपस्थित भएको छ । उसले कहिल्यै पनि आफ्नो बानी, स्वभाव, सिद्धान्त तथा जीवनयापनलाई परिवर्तन गरेको छैन तसर्थ उसको स्वभाव यसमा गतिहीन देखिन्छ । जोन स्मिथले निश्चित सामाजिक वर्गको भूमिका निर्वाह नगरी आफ्नो निजी वैशिष्ट्य र स्वभाव देखाएका कारण ऊ व्यक्तिगत चरित्र हो । उसले उपन्यासमा उपस्थित भई कार्यव्यापार वा संवाद प्रस्तुत गरेको हुनाले आसन्नताका आधारमा ऊ मञ्चीय पात्र हो । उसलाई पनि उपन्यासबाट झिक्ने हो भने उपन्यासको संरचना भत्किन पुग्छ त्यसैले आबद्धताका आधारमा ऊ बद्ध पात्र पनि हो ।

### ४.२.५.४ उर्मिला

डा. मणि र थुलुङ्गको अनुसन्धान प्रक्रियामा जोन स्मिथको निवासमा भेटिएकी उर्मिला शारीरिक रूपमा अपाङ्ग छे । उसको बाल्यकालीन अवस्थालाई उपकथाका रूपमा यस उपन्यासमा प्रस्तुत गरिएको छ । पूर्वी नेपालमा जन्मिएकी उर्मिला बाबुआमाको मृत्युपछि अनेक कष्ट खप्नु परेको, अपाङ्ग बन्नु परेको तथा विभिन्न अवस्थाबाट जोन स्मिथले सहयोग गरेको

पूर्वघटना बताउँछे । भूलवश जोन स्मिथलाई करेन्ट लगाइदिन पुगेकी उर्मिला त्यहाँबाट भागेर थुलुङ्गको घरमा शरण लिन पुग्छे । उसबाट पनि जोन स्मिथका क्रियाकलापको सामान्य रहस्य खुलाइएको छ । अनपढ भए पनि ऊ बुद्धिमानी छे । स्त्रीसुलभ लजालु स्वभाव पनि उसमा छ । उसमा असल गृहिणीका रूपमा हुने गुण पनि छ । समग्रमा यस उपन्यासमा उसको भूमिका उल्लेख गर्न लायक छ ।

उर्मिला यस उपन्यासकी नारी पात्र हो । यसमा उसको भूमिका सहायक रूपमा देखिएको छ । यसमा उसले केवल सहयोगीको भूमिका मात्र निर्वाह गरेकी छे । सत्पात्रका रूपमा उपस्थित भएर पाठकको सहानुभूति प्राप्त गरेकी हुनाले ऊ अनुकूल प्रवृत्तिकी पात्र पनि हो । मञ्चमा उपस्थित भएर कार्यव्यापार एवम् संवाद पनि प्रस्तुत गरेकी छे तसर्थ ऊ यस उपन्यासकी मञ्चीय पात्र हो । परिस्थितिअनुसार आफ्नो जीवनधारालाई परिवर्तन गर्न सक्ने गतिशील चरित्रकी पात्र पनि हो । व्यक्तिगत जीवनको धारलाई समाएकी उर्मिलाले निश्चित सामाजिक वर्गको प्रतिनिधित्व गर्न सकेकी छैन । उसलाई झिक्दा पनि उपन्यासको संरचना नभत्किने हुनाले ऊ यस उपन्यासमा मुक्त पात्रका रूपमा उपस्थित भएकी छे ।

### ४.२.५.५ अन्य पात्रहरू

यस उपन्यासमा प्रसङ्गअनुसार अन्य थुपै पात्रहरू आएका छन् जो पानीका थोपाजस्तो क्षणिक देखिन्छन् । प्रसङ्गअनुसारकै पात्रको प्रयोग गरिनुले स्थानीयता एवम् सरलता र सहजता तथा पठनीयता उपन्यासमा थपिएको छ । यस उपन्यासमा आएका रामे, हरि, भक्तवीरजस्ता पात्रहरू प्रतिकूल भूमिकामा देखिएका छन् । उनीहरूले जोन स्मिथको आपराधिक क्रियाकलापमा सहयोग पुऱ्याएका छन् । रामे चाहिँ व्यक्तिहत्या गर्न पनि पछि परेको छैन । हट्टाकट्टा जवान रामे गाउँलेलाई प्रेत बनेर तर्साउने नाटक गरेर सताउने गर्दछ । कहिले जोगीका रूपमा त कहिले विभिन्न रूप फेरेर आफूलाई खराब कामप्रति प्रवृत्त गराउँछ । यसका साथै छाप्रोमा आइमाई, उसकी छोरी सुन्तली, आई. जी. पी., गाउँलेहरू, प्रधानपञ्च, घरबेटी बुढी, इन्स्पेक्टर लिरापुनजस्ता थुप्रै पात्रहरू यसमा देखिएका छन् । यिनीहरू कोही सत् प्रवृत्तिका पात्रका रूपमा र कोही असत् प्रवृत्तिका रूपमा देखिएका छन् । कोही मञ्चमा उपस्थित भएर संवाद वा कार्यव्यापार प्रस्तुत गर्ने पात्रका रूपमा कार्य गर्दछन् भने कोही नेपथ्यमा रहेर घटनालाई अगाडि बढाउने कार्य गर्दछन् । यीमध्ये इन्स्पेक्टर लिरापुन बैङ्ककका प्रहरी हुन् । उनी सत् पात्रका रूपमा देखिएका छन् । अनुसन्धानको क्रममा बैङ्कक पुगेका मणि र थुलुङ्गलाई आवश्यक सहयोग गरी जोन स्मिथलाई काठमाडौं फर्काउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । यी

सबै पात्रहरू कोही सहायक र कोही गौण भूमिकामा उपस्थित भएका छन् तर सबै यसका मुक्त पात्रका रूपमा देखिएका छन् । यिनीहरूलाई हटाउँदा कथानकको संरचना नभत्किने हुनाले मुक्त पात्रका रूपमा उपन्यासकारले उपन्यासमा उपस्थित गराएका छन् ।

### ४.२.६ **पर्यावरण** (**देशकाल वातावरण**)

उपन्यासमा पात्रहरूको कार्यकलाप गर्ने वा घटनाहरू घट्ने स्थान, समय र त्यसको मानसिक प्रभावलाई पर्यावरण भनिन्छ । पर्यावरण एउटा परिस्थिति पनि हो जसले पाठकलाई बाँध्ने काम गर्दछ । पर्यावरणअन्तर्गत देशकाल र वातावरण पर्दछन् ।

यस **मुर्कट्टा** उपन्यासका पात्रहरूले काठमाडौँ र त्यसका आसपास साथै विदेशसम्म आफ्नो घटनाको स्थान बनाएका छन् । यसमा काठमाडौँ उपत्यकाको नजिकमा रहेको चाल्नाखेल, चोभारजस्ता ठाउँहरू मुख्य रूपमा देखिएका छन् । अज्ञानता, गरिबी, सन्त्रासजस्ता कुराको सङ्गम बनेर आफ्नो परिचय गुमाइरहेको गाउँको भूगोल, रीतिस्थिति, पूर्वाग्रह आदि यसमा अत्यन्त यथार्थपूर्ण रूपमा मुटु छुने गरी सूक्ष्म तरिकाले व्यक्त गरिएका छन् । मानवबस्ती न्यून भएको जङ्गलको नजिकै रहेको गाउँको चित्रण यस उपन्यासमा गरिएको छ । प्राचीन कलाको संरक्षण उचित रूपमा हुन नसकेको ठाउँमा खराब आचरणका व्यक्तिले आफ्नो नाजायज फाइदा उठाइरहेका छन् । त्रासमा बाँचेका जनतालाई अन्धविश्वासी कुराले तिनीहरू खुलेआम आतङ्क मच्चाइरहेका छन् । यसका साथै ती स्थानबाट उठाइएका सामानहरूको ओसारपसार विदेशी भूमिसम्म गरिरहेका छन् तसर्थ यस उपन्यासको वातावरण देशदेखि विदेशसम्म फैलिएको छ । यस उपन्यासमा नेपालको पूर्वी क्षेत्रदेखि भारतको आसाम आदि क्षेत्रलाई पनि उपन्यासको घटनाक्षेत्र बनाइएको छ साथै समुद्रपारिको देश बैङ्ककसम्म पनि पात्रहरूले आफ्नो कार्यकलाप अगाडि बढाएका छन् ।

यस उपन्यासमा स्थानको अन्विति नपाइए पनि समयको अन्विति चाहिँ पाइन्छ । लगभग बीसदेखि पच्चीस दिनभित्रको समयमा उपन्यासले आफ्नो लक्ष्य पूरा गरेको छ । नेपालीहरू परम्परावादी सोचबाट मुक्त नभइसकेको समयलाई नै यस उपन्यासमा देखाइएको छ । भूत, प्रेतजस्ता कुरामा विश्वास गर्ने नेपाली परिवेशलाई यसमा उठाइएको पाइन्छ ।

### ४.२.७ **दृष्टिबिन्दु**

उपन्यासमा कथयिताले कथावाचनका लागि उभिन वा बस्न रोजेको ठाउँ नै दृष्टिबिन्दु हो । यसैबाट कथयिताले कसरी घटना एवम् चरित्रहरूको वर्णन तथा उपस्थापन गर्छ भन्ने

कुराको निर्धारण हुन्छ । यसले कसले कथा भनेको छ र कसरी कथा भनिएको छ भन्ने कुरालाई बुझाउँछ । कतै कथयिताले आफू नै औपन्यासिक कथानकमा पसेर बोल्ने अनुमति पाएको हुन्छ भने कतै सानो ढोकाबाट देखिएका कुराहरू र कतै सम्पूर्णतः ओकल्ने छुट पाएको छ । यस आधारमा दृष्टिबिन्दु बाह्य वा तृतीय पुरुष र आन्तरिक वा प्रथम पुरुष गरी दुई प्रकारको हुन्छ ।

प्रस्तुत **मुर्कट्टा** उपन्यास बाह्य तथा तृतीय पुरुष दृष्टिबिन्दुमा संरचना गरिएको छ । यस उपन्यासका सम्पूर्ण कथानकको कथयिता लेखक स्वयम् हुन् र उनी उपन्यासभन्दा बाहिर बसेर दृश्य एवम् मानसिक जगत्मा विचरण गरिरहेका छन् । सबै पात्रका मनका भावना थाहा पाई प्रस्तुत गर्ने र हरेक घटनालाई आफैँ टिप्पणी तथा विश्लेषण गर्ने भएकाले यसमा तृतीय पुरुषअन्तर्गतको सर्वदर्शी दृष्टिबिन्दु प्रयोग गरिएको छ ।

## ४.२.८ प्रतीक र बिम्ब

कुनै पनि मूर्त वस्तुको प्रयोगद्वारा अमूर्त गुण वा भावको उल्लेख गर्न सकिन्छ । यसरी प्रयोग गरिने वस्तु वा घटना जसले सामान्य वा सोझो अर्थ नबुझाएर त्यसभन्दा निकै परको अर्थ बुझाउँछ भने त्यस्तो वस्तु वा घटनालाई प्रतीक भनिन्छ । बिम्ब भनेको कुनै पनि वस्तुको मस्तिष्कमा पर्ने छाया हो । उपन्यासमा यस्तो छाया बसाउने माध्यम भाषा हुन्छ । शब्दका माध्यमबाट स्रोता वा पाठकका मस्तिष्कमा कुनै स्थिति, घटना, स्थान वा पात्रको यथार्थसदृश पारिदिने पद्धतिलाई बिम्बविधान भनिन्छ ।

यो उपन्यास मूलतः घटनाप्रधान उपन्यास हो । यसमा विभिन्न प्रकारका बिम्ब र प्रतीकहरूको प्रयोग गरेको पाइन्छ । जस्तै : कुइराको काग (पृ. २७), दुइटै हातमा लड्डू (पृ. २७), एक कान, दुई कान, मैदान (पृ. २९), नाङ्गो खुकुरी (पृ. ५१), हावा (पृ. ५३) आदि । सरल रूपमा घटनालाई अगाडि बढाइएको छ । प्रतीकात्मक रूपमा यस उपन्यासको रचना गरिएको पाइँदैन । यद्यपि यस उपन्यासमा प्रयोग भएका डा. मणिलाई आदर्शका प्रतीक मानिन्छ भने जोन स्मिथजस्ता व्यक्तिलाई चोरी र तस्करी गर्ने व्यक्तिको प्रतीकका रूपमा स्वीकार गर्न सकिन्छ । उपन्यास आफैँमा एउटा भाषिक प्रतीक भए पनि यसको शीर्षकलाई पनि प्रतीकात्मक रूपमा प्रयोग नगरी सरल ढङ्गमा चयन गरिएको छ । बिम्बले चाहिँ अमूर्तलाई मूर्तता दिन अमूर्तकै प्रयोग गर्दछ तर यो एक घटनाप्रधान सामाजिक यथार्थवादी उपन्यास भएका कारण यसमा बिम्ब प्रयोग अधिक मात्रामा गरेर विभिन्न सन्दर्भलाई उपन्यासकारले स्पष्ट पार्न खोजेका छन् ।

### ४.२.९ गति र लय

**मुर्कट्टा** बाह्य तथा तृतीय पुरुष दृष्टिबिन्दुमा रचिएकाले कथयिताले सम्पूर्ण घटना, क्रिया र मानसिकताको वर्णन उपन्यासमा बाहिरै बसेर गरेका छन् तर पात्रहरूलाई उचित रूपले खेल्ने मौका पनि ठाउँठाउँमा दिइएको पाइन्छ । दृश्यात्मक पद्धतिको अत्यधिक उपयोगले गर्दा पनि यसमा गति खासै ढिलो भएको छैन । पात्रहरूको मानसिकतामा देखिने आशा र निराशा, आक्रोश र पलायनजस्ता कुराहरू प्रस्तुत गरेर लेखकले पाठकीय वातावरणको संयोजन गरी लयमा टेवा पुऱ्याएको हुन्छ तर यसमा लय पक्ष कमजोर देखिन्छ । यसमा कवितात्मक तथा बिम्बात्मकताको प्रयोग नपाइएकाले उचित लयको संयोजन गर्न सकेको देखिँदैन । यस उपन्यासमा गतिको प्रयोग तीव्र रूपमा गरिए पनि लयमा त्यत्ति ध्यान दिइएको पाइँदैन ।

### ४.२.१० भाषा

उपन्यास भाषाद्वारा मूर्त रूपमा प्रकट हुने साहित्यिक कला हो र यो भाषाकै रूपमा शक्तिशाली बन्दछ । यथार्थलाई वरण गर्ने साहित्यिक विधा भएकाले उपन्यासमा गद्य भाषाको प्रयोग गरिन्छ । यसमा कथ्य र लेख्य दुवै भाषाको प्रयोग आवश्यकताअनुरूप हुने गर्दछ । अन्य साहित्यिक विधाभन्दा जीवनको विस्तृत आयामलाई समेट्ने हुँदा यसमा भाषाको सम्पूर्ण शक्तिको प्रयोग पनि गरिन्छ । कथ्य विषयलाई पाठकसमक्ष प्रभावशाली ढङ्गले सम्प्रेषण गर्ने सामग्री उपन्यासकारसँग भाषाबाहेक अरू केही हुँदैन ।

यस **मुर्कट्टा** उपन्यासको भाषा सरल एवम् सरस छ । जसले साधारण पाठकलाई पनि बुझ्न सजिलो पार्छ । यसमा विचलनयुक्त भाषाको प्रयोग गरिएको पाइँदैन । सरल भाषामा नै घटनाक्रम अगाडि बढाइएको छ । मध्यम वर्गीय परिवारले बोल्ने भाषा प्रयोग गरिएको छ । आवश्यकताअनुसार अङ्ग्रेजी र हिन्दी भाषाका वाक्यहरू पनि प्रयोग गरिएको छ । छोटाछोटा वाक्यको प्रयोगले उपन्यासलाई थप पठनीय बनाएको छ । पात्रको संवादका तुलनामा लेखककै टिप्पणी र मूल्याङ्कन धेरै भए तापनि ती छोटा, सरल र रोचक छन् । थोरै भए पनि संवादको प्रयोगले पाठकलाई एकोहोरो वर्णनबाट मुक्ति दिलाएको पाइन्छ । **मुर्कट्टा** उपन्यासको भाषाले समाजकै यथार्थलाई टिपेर पात्रअनुकूल बनाएको देखिन्छ । उपन्यास लेख्य भाषामा लेखेका भए पनि संवादका क्रममा कथ्य भाषा र विचलनशील भाषाको प्रयोग पनि यस उपन्यासमा उपन्यासकारले गरेका छन् ।

यस उपन्यासमा ठाउँठाउँमा बोलीचालीका शब्दहरू र अशुद्ध शब्दहरूको पनि प्रयोग गरिएको देखिन्छ । जस्तै : "अघिल्लोले भन्यो 'खोइ तेरो पाउना...हामीले कुरेको दुई घण्टा हुदो हो अरू भनभरीएन ।" (**मुर्कट्टा,** पृ. ४७) यस वाक्यमा हुदो र अनभरीएन गलत र बोलीचालीका शब्दहरू लेखिएको छ । त्यस्तै प्रस्तुत उपन्यासमा ग्रामीण भेगमा बोलिने कथ्य भाषाको पनि प्रयोग गरेको देखिन्छ । जस्तै : "मेरो हरिलाई रामेले सिद्ध्यायो नि दैव... हरे राम राम...।" ( **मुर्कट्टा,** पृ. ५२) । प्रायः आदरार्थी रूपको भाषाको प्रयोग यस उपन्यासमा गरिएको देखिन्छ । जस्तै : "तपाईंको जावलाखेलको घरमा लुकाउन कसो होला । तपाईं के भन्नुहुन्छ ? ।" (**मुर्कट्टा,** पृ. ७१) उपन्यासको बीचमा अर्थलाई खुलाउन कोष्ठकमा सन्दर्भसहितको वाक्य पनि यस उपन्यासमा दिइएको छ । जस्तै : "बंचरोलाई टाउकोबाट समाएर (किनभने बिंडमा औँलाले समातेको डाम र ल्याएने पक्कै पाइन्छ भन्ने डा. मणिलाई विश्वास थियो) बंचरो बोक्दै उनी सरासर भट्टी पसल पुगे ।" (पृ. ४१) ।

### ४.२.११ शीर्षकको सार्थकता

मुर्कट्टा शब्दले मरेपछि भूतप्रेत बनेर तर्साउन आउने बस्तुलाई बुझाउँछ । प्रायः नेपालीहरूमा चेतनाको कमीले हो वा ज्ञानको कमीले हो अन्धविश्वासले जरो गाडेर बसेको छ । नेपाली समाजमा देवीदेवता, भूतप्रेतजस्ता कुराहरू हुन्छन् भन्ने विश्वास पाइन्छ । समाजमा रहेका यस्ता सोझासीधा नेपालीहरूको विश्वासको नाजायज फाइदा उठाएर आफ्नो खराब कार्यलाई सञ्चालन केही व्यक्तिहरूले गरिरहेका छन् । यस उपन्यासमा आएको रामे पात्रले मुर्कट्टा बनेर तर्साउँदै मूर्ति चोर्ने कार्यमा जोन स्मिथलाई सघाएको छ । ग्रामीण भेगका जनतामा पनि साँच्चै मुर्कट्टा हुन्छ भन्ने विश्वास रहेको पाइन्छ । यसैका आधारमा व्यक्तिहत्या भए पनि भूतप्रेतले मारेको भ्रम फैलाइएको छ तसर्थ यस उपन्यासको शीर्षक पनि **मुर्कट्टा** राखिएको छ । भूतप्रेतको भ्रममा आफ्नो कालो धन्दालाई फैलाउने काम यसमा गरिएको छ साथै जनतालाई जोन स्मिथ र रामेजस्ता पात्रले भ्रम दिन्छन् । त्यसकारण यो भ्रमबाट माथि उठेर वास्तविकताको पहिचान गर्नुपर्छ भन्ने सन्देश यसमा दिइएको छ ।

## पाँचौं परिच्छेद

# उपसंहार

प्रस्तुत शोधपत्रको **पहिलो परिच्छेद**अन्तर्गत यस शोधपत्रको सामान्य रूपरेखा प्रस्तुत गरिएको छ । यस खण्डमा शोधशीर्षक, शोधप्रयोजन, विषयपरिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य र महत्त्व, शोधकार्यको सीमाङ्कन, शोधविधि र शोधपत्रको रूपरेखासम्बन्धी विवरणहरू प्रस्तुत गरिएको छ ।

यसको दोस्रो परिच्छेदअन्तर्गत हेमाङ्ग दीक्षितको जीवनी पक्षबारे चर्चा गरिएको छ । हेमाङ्ग दीक्षितको जन्म वि. सं. १९९४ साल, जेठ २९ गतेका दिन काठमाडौं जिल्लाको डिल्लीबजारमा भएको हो । बुबा शिरोमणि दीक्षित र आमा हेमप्रभा दीक्षितको पाँचौं सन्तानमध्ये हेमाङ्ग कान्छा सन्तान हुन् । यिनको बाल्यकाल केही समय आफ्नो गृहस्थानमा बिते पनि अधिकांश समय अध्ययनको सिलसिलामा भारतको नैनीतालमा बितेको पाइन्छ । उनको अक्षरारम्भ घरायसी वातावरणबाट प्राप्त भएको हो । त्यसपछि माध्यमिक तहको अध्ययन भारतको नैनीतालमा अवस्थित विसपकटन स्कुल, सेरउड कलेजबाट पूरा भयो । त्यसपछि उच्च शिक्षाको लागि उनी लन्डन गए । वि. सं. २०११ मा लन्डनमा ट्युटोरियल कलेजमा भर्ना लिएपछि उनको उच्च शिक्षा ग्रहणको यात्रा प्रारम्भ भएको हो । चौबीस वर्षको उमेरमा च्यारिङ क्रस हस्पिटलबाट एम्. बी. बी. एस्. उत्तीर्ण गरेका दीक्षितले २०२० सालमा लन्डन स्कुल अफ हाइजिन ट्रपिकल मेडिसिनबाट डी. टी. एम्. एच्. तथा इन्स्टिच्युट अफ चाइल्ड हेल्थबाट डी. सी. एच्.को अध्ययन पनि पूरा गरेका हुन् ।

ब्राह्मण कुलमा जन्मिएका तथा कौडिन्य गोत्र भएका दीक्षितको आर्थिक अवस्था उच्च रहेको थियो । आफ्ना पिता पनि चिकित्सा पेसामा संलग्न भएका कारण आर्थिक सङ्कटले कहिल्यै पनि घेरेन । शिक्षा ग्रहणमा कुनै बाधा परेन तसर्थ उनको परिवार शैक्षिक रूपले पनि समुन्नत रहेको देखिन्छ । हिन्दू धर्ममा विश्वास राख्ने दीक्षितको चिकित्सा पेसामा संलग्न छन् भने उनकी श्रीमती आशा गृहिणीका रूपमा काम गर्छिन् ।

अत्यन्त सरल र मिजासिलो स्वभावका हेमाङ्ग दीक्षित त्यत्तिकै इमानदार, सहयोगी र मिलनसार पनि छन् । सामान्य खाना, साधारण पहिरनमै सन्तुष्ट हुने यिनी साहित्यिकि सिर्जना र समाज सेवामा रुचि राख्दछन् । कार्यक्षेत्रका दृष्टिले उनी चिकित्सक हुन् । २०१८ सालमा लन्डनको च्यारिङक्रस हस्पिटलबाट आफ्नो कार्य प्रारम्भ गरेका दीक्षितले लन्डनका विभिन्न अस्पतालहरूमा आफ्नो कार्यलाई निरन्तरता आए । नेपालमा सर्वप्रथम वीर

अस्पतालबाट आफ्नो कार्यलाई अगाडि बढाए । केही समयको सरकारी जागिरपश्चात् उनलाई निजी कार्य गर्ने इच्छा जाग्यो र सरकारी जागिरबाट राजीनामा दिए । इन्स्टिच्युट अफ मेडिसिन, सिद्धि मेमोरियल हस्पिटल, काठमाडौँ मेडिकल कलेजजस्ता निजी क्षेत्रमा उनले काम गरेका छन् र हाल उनी काठमाडौँ मेडिकल कलेजमा प्रधानाध्यापकका रूपमा काम गरिरहेका छन् । यसरी दीक्षितले विदेश तथा स्वदेशमा आफ्नो कार्यक्षेत्रलाई अगाडि बढाएका छन् ।

बाल्यकालदेखि नै भावुक प्रवृत्तिका दीक्षित कुनै राजनैतिक सङ्घसंस्थामा आबद्ध भएका देखिँदैनन् । अनेक क्षेत्रसँग सम्बन्ध राख्ने बहुआयामिक बौद्धिक व्यक्तित्वका रूपमा यिनको शैक्षिक, प्रशासनिक, सामाजिक आदि अनेक सङ्घसंस्थाहरूको स्थापना, विकास र प्रवर्द्धनमा ठूलो भूमिका रहेको देखिन्छ । यसैगरी नेपालको प्रतिनिधित्व गरी चिकित्सा पेसालाई उच्च बनाउन विदेशमा समेत उल्लेखनीय कार्यहरू गरेका छन् । समाज सेवाको भावना लिएर यिनले नेपालका विभिन्न भूभागहरूको भ्रमण गरेका छन् साथै निजी कार्य र देशको नाम फैलाउने कार्य गर्न भारत, पाकिस्तान, टोकियो, अमेरिका, चीन, लन्डनजस्ता देशहरूको समेत भ्रमण गरेका छन् । साहित्य साधना, सामाजिक कार्य र प्रशासनिक दीक्षितका जीवनका मूल कार्यहरू हुन् ।

कर्मवादी दीक्षित धर्ममा पनि विश्वास राख्छन् तर धर्मलाई परिष्कार गर्नुपर्छ भन्ने भावना उनको रहेको छ । सङ्घर्ष गऱ्यो भने सफलता अवश्य प्राप्त हुन्छ भन्ने विचार राख्ने दीक्षित पेसाप्रतिको बफादारितालाई पनि पूर्ण रूपमा पालना गर्नुपर्छ भन्ने मान्यता उनको रहेको छ । आफूमा रहेको ज्ञान र सीपलाई प्रयोगात्मक रूपमा पालना गर्नुपर्छ भन्ने विचार पनि दीक्षित व्यक्त गर्दछन् ।

तेस्रो परिच्छेदअन्तर्गत हेमाङ्ग दीक्षितको व्यक्तित्वका बारेमा चर्चा गरिएको छ । बाह्य रूपमा मझौला कद, गहुँगोरो वर्ण, सालाखालामा खाइलाग्दो चिटिक्क परेको निकै प्रभावशाली र आकर्षक देखिने उनी शारीरिक रूपले स्वस्थ देखिन्छन् । दीक्षितको स्रष्टा व्यक्तित्व उपन्यासकार, कथाकार, कवि, आत्मवृत्तान्तकारका रूपमा फैलिएको छ भने साहित्येतर व्यक्तित्व चिकित्सक, प्रशासनिक, समाजसेवी, प्राध्यापक आदिका रूपमा फैलिएको छ ।

चौथो परिच्छेदअन्तर्गत हेमाङ्ग दीक्षितद्वारा रचना गरिएको **भक्तपुरको थुम्को** र **मुर्कट्टा** उपन्यासको औपन्यासिक तत्त्वका आधारमा विश्लेषण गरिएको छ । दुवै उपन्यासहरू सामाजिक अपराध नियन्त्रणका लागि रचना गरिएका छन् । **भक्तपुरको थुम्को** उपन्यासले लागूपदार्थ

ओसारपसार तथा सेवनजस्तो जघन्य अपराधलाई नियन्त्रण गर्ने उद्देश्य लिएको छ । लागूपदार्थको सेवन तथा कारोबारले विस्तारैविस्तारै समाजलाई कलुषित एवम् कलङ्कित बनाउँदै लगेको छ । रचनात्मक कार्यमा जुट्नुपर्ने आजका युवा निस्क्रिय बन्दै गइरहेका छन् । पैसा र मनोरञ्जनका लागि मानिसले खराब कार्यलाई प्रश्रय दिइरहेका छन् । समाजमा हरेक प्रवृत्तिका मानिसहरू हुन्छन् । खराब कार्य तथा असल कार्य गर्ने मानिसहरू प्रशस्त पाइन्छन् । मणिजस्ता पात्रहरू पनि समाजमा हुन्छन् जसले आपराधिक क्रियाकलापको अन्त्य गरेर स्वस्थ समाजको निर्माणमा ठूलो भूमिका निभाएका हुन्छन् । नेपालको पवित्र भूमिलाई विदेशीहरूको खराब कार्य गर्ने अखडा बनाउने प्रवृत्तिको पनि यस उपन्यासमा विरोध गरिएको छ । लागूपदार्थको कारोबारलाई समाजको मूल समस्याका रूपमा प्रस्तुत गरिएको छ । यसले विश्वलाई नै सताइरहेको कुरालाई प्रस्ट रूपमा देखाइएको छ । घटनाप्रधान उपन्यास भएकाले यस उपन्यासको कथानक रैखिक ढाँचामा देखिएको छ । भाषिक सरलता यस उपन्यासको अर्को विशेषता हो । आवश्यकताअनुसार यस उपन्यासमा हिन्दी, अङ्ग्रेजी आदि भाषाका वाक्यलाई समेत राखिएको छ । साधारण पाठकले समेत स्पष्ट रूपमा बुझ्न सक्ने भएकाले यो सरल देखिन्छ । पात्रहरूको न्यून प्रयोग पनि उपन्यासकारको औपन्यासिक कला हो । अनावश्यक पात्रहरूको प्रयोग गरेर उपन्यासको घटनाक्रमलाई अल्झाउने काम यसमा गरिएको छैन । तृतीयपुरुष कथनपद्धतिमा रचना गरिएको यस उपन्यासमा गतिमा अवरोध देखिँदैन । उपन्यासको घटना सलल बगेको छ । लय पक्षलाई भने उपन्यासकारले त्यति ध्यान दिएका छैनन् । **भक्तपुरको थुम्को**मा उपन्यासको प्रमुख घटना घटेको हुनाले र त्यसैलाई आधार बनाएर अनुसन्धान कार्य पूरा गरेको हुनाले यसको शीर्षक **भक्तपुरको थुम्को** राखिएको छ र शीर्षक सार्थक पनि छ । सदैव सत्पक्षको विजय र असत् पक्षको पराजय हुन्छ । असत् पक्षको समूल नष्ट गरेर समाजलाई समुन्नत र उज्ज्वल बनाउनुपर्छ भन्ने सन्देश यस उपन्यासको रहेको छ ।

दीक्षितको **मुर्कट्टा** उपन्यासले पनि सामाजिक विकृति र विसङ्गतिको भण्डाफोरलाई आफ्नो लक्ष्य बनाएको छ । नेपालका सांस्कृतिक धरोहरलाई पैसाको आडमा विदेशीहरूले विदेश लगेर उच्च मूल्यमा बेच्ने गरेको रहस्यलाई उद्घाटन गरिएको छ । अर्कातिर नेपालका ग्रामीण भेगका सोझासिधा जनतालाई अन्धविश्वासी कुराले झुक्याउने प्रवृत्ति समाजमा विद्यमान रहेको कुरालाई पनि यसमा देखाइएको छ । व्यक्ति हत्या गरेर भए पनि हाम्रा प्राचीन कलाकृतिको संरक्षणमा सदैव लागिरहनु पर्ने भावना यस उपन्यासमा आएको छ । उपन्यास सरल एवम्

सरस भाषामा रचना गरिएको छ । भाषिक कलाको क्षमता उपन्याकारमा कम देखिन्छ । मूलतः घटनाप्रधान उपन्यास भएकाले आदि, मध्य र अन्त्यको शृङ्खलामा पूर्ण रूपमा यसको कथानक बाँधिएको छ । यसको ढाँचा बर्तुलित नभई रैखिक देखिन्छ । नेपाली परिवेशमा पूर्णत : चेतनाको विकास नभइसकेको समयलाई र स्थानलाई यस उपन्यासले आफ्नो पर्यावरण बनाएको छ साथै विदेशका केही भूमिलाई समेत पात्रहरूको संवाद गर्ने स्थलका रूपमा प्रयोग गरिएको छ । उपन्यासमा संवाद पक्ष पनि सबल नै देखिन्छ । अघिल्लो उपन्यासमा झैँ यसमा पनि पात्रहरूको न्यून प्रयोग पाइन्छ । स्त्री पात्रहरूका तुलनामा पुरुष पात्रहरू बढी देखिन्छन् । द्वन्द्व प्रबल देखिन्छ । आन्तरिक द्वन्द्वभन्दा बाह्य द्वन्द्व सबल देखिन्छ । सत् र असत् पक्षबीचको द्वन्द्वलाई सशक्त रूपमा देखाइएको छ । तृतीय पुरुष कथनपद्धतिमा संरचित यस उपन्यासमा बिम्ब, प्रतीकहरूको प्रयोग खासै गरिएको छैन । उपन्यासको घटना सलल बगेको हुनाले गतिमा अवरोध देखिँदैन । लय पक्ष भने दुर्बल देखिन्छ अर्थात् लयात्मकता देखिँदैन । खासगरी मुर्कट्टा बनेर तर्साउने भ्रम जनतालाई बाँड्दै आफ्नो खराब प्रवृत्तिलाई अगाडि बढाउने कार्य गरेका आधारमा यस उपन्यासको शीर्षक **मुर्कट्टा** राखिएको छ र शीर्षक सार्थकयुक्त पनि छ । समग्रमा नेपालका कलासंस्कृतिको संरक्षण गर्नुपर्छ भन्ने सन्देश यस उपन्यासले प्रदान गरेको छ ।

दीक्षित चिकित्सा पेसामा संलग्न रहेर पनि साहित्य सिर्जनामा रुचि राख्ने व्यक्तित्व हुन् । उनका अधिकांश कृतिहरू अङ्ग्रेजी भाषामा रचना गरिएका छन् । केवल दुई वटा उपन्यास मात्र नेपाली भाषामा रचिएका छन् । तिनीहरूले सामाजिक यथार्थवादी उपन्यासको प्रवर्द्धनमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । औपन्यासिक चेतनाको कमी भए पनि आफ्नो अध्ययन र कार्य व्यस्ततालाई थाती राखेर नेपाली साहित्यको श्रीवृद्धिमा उल्लेखनीय कार्य गर्नु उनको महत्त्वपूर्ण उपलब्धि हो ।

# सन्दर्भसामग्रीसूची


(क) **नेपाली**

दाहाल, रामप्रसाद. **सिङ्गो नेपाली भाषा, साहित्यको इतिहास र साहित्यकारहरूको परिचय,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०५४ ।

दीक्षित, हेमाङ्ग. **भक्तपुरको थुम्को**. काठमाडौं : यती जे.बी. पुस्तक प्रा. लि., २०२६ ।

.................... **मुर्कट्टा**, काठमाडौं : यती जे. बी. पुस्तक प्रा. लि., २०२६ ।

.................. २०६४ पुस २१. 'मेरो किताब पढे भने मलाई सन्तुष्टि हुन्छ. **अन्नपूर्ण पोस्ट** दैनिकमा रामकला खड्काले लिएको अन्तर्वार्ता, पृ. ४ ।

बराल, कृष्णहरि र नेत्र एटम. **उपन्यास-सिद्धान्त र नेपाली उपन्यास**. ललितपुर : साझा प्रकाशन, २०५६ ।

भट्टराई, घटराज. **नेपाली लेखक कोश**. काठमाडौं : लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान, २०५६ ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा. **नेपाली साहित्यको संक्षिप्त इतिहास**. सा.सं., ललितपुर : साझा प्रकाशन, २०६१ ।

सुवेदी, राजेन्द्र. **नेपाली उपन्यास परम्परा र प्रवृत्ति**. वाराणसी : भूमिका प्रकाशन, २०५३ ।

(ख) **अङ्ग्रेजी**

Dixit, Hemanga. **Chandra and Damaru.** Kathmandu : Sharada Prakashan, 1967.

........................ **The Red Temple.** Kathmandu: Sharada Prakashan, 1977.

......................... **Come Tomorrow.** Kathmandu : Sajha Prakashan, 1980.

......................... **Over The Mountains.** Kathmandu : Ekta Books Distributers, 1995.

......................... **The Quest For Health.** Kathmandu : Educational Enterprises, 1995.

........................... **Annapurna Fantasy.** Kathmandu : Educational nterprises, 1997.

......................... **Conflict in The Himalayas.** Kathmandu : Ekta Books Distributers, 1998.

............................ **The Avenging Ghost.** Kathmandu : Self , 1999.

............................ **Nonsense Verses From Nepal.** Kathmandu : Adarsha Books, 2000.

............................. **Friends Colony.** Kathmandu : Rupa and Co., 2002.

............................, **MY 2 Innings**, Kathmandu : Makalu Publication House, 2007.

# परिशिष्ट-१

## (हेमाङ्ग दीक्षितस“ग लिएको अन्तर्वार्ता)

प्र. नं. १ तपाईंको जन्म र जन्मस्थानका बारेमा बताइदिनुहोस् न ?

मेरो जन्म वि. सं. १९९४ साल जेष्ठ २९ गते काठमाडौँको डिल्लीबजारमा भएको हो ।

प्र. नं. २ तपाईंको पितामाताको नाम, थर, गोत्र र जन्मस्थान कहाँ हो ?

पिताको नाम सिद्धिमणि दीक्षित, माताको नाम हेमप्रभा हो । सबैको जन्म काठमाडौँमा नै भएको हो र गोत्र चाहिँ कौडिन्य हो ।

प्र. नं. ३ हजुरबा र हजुरआमाको नाम, थर र गोत्र के हो ?

हजुरबाको नाम सदाशिव दीक्षित र हजुरआमाको नाम नरेन्द्रकुमारी दीक्षित हो ।

प्र. नं. ४ तपाई मातापिताको कतियौँ सन्तान हो ? छोराको क्रम र छोरीको क्रमबाट बताइदिनुहोस् न ?

म पाँचौँ सन्तान हुँ । एक दाजु र तीन दिदीहरूपछिको सन्तान हुँ । छोराको क्रममा पनि र छोरीको क्रमबाट पनि कान्छो सन्तान हुँ ।

प्र. नं. ५ तपाईंको दाजुभाइ तथा दिदीबहिनीको नाम बताइदिनुहोस् न ?

मेरो दाजुको नाम पद्मणि दीक्षित हो जो अवकाशप्राप्त इन्जिनियर हुन् । दिदीहरू क्रमशः पुण्यलक्ष्मी, दिव्यप्रभा र शशीकला हुन् । उनीहरू गृहिणीका रूपमा काम गर्दछन् ।

प्र. नं. ६ तपाईंको बाल्यकाल केकसरी बित्यो र बाल्यकालीन स्वभाव केकस्तो थियो ?

म सम्पन्न दीक्षित परिवारमा जन्मेको हुँ । मेरो बाल्यकाल सुखमय रूपमै बित्यो । बुबा चिकित्सा पेसामा भएकाले आर्थिक अभावले कहिल्यै सताएन । अध्ययनको सिलसिलामा भारतको नैनीतालमा पनि मेरो बाल्यकाल बित्यो । मेरो बाल्यकालीन स्वभाव भावुक

प्रवृत्तिको थियो । पछि आफू पनि चिकित्सा पेसामा संलग्न भएर समाजसेवा गर्ने भावना बाल्यकालमा नै जागिरहन्थ्यो ?

प्र. नं. ७ तपाईंको पारिवारिक पृष्ठभूमि कस्तो छ ?

मेरी श्रीमती देवनाथ उपाध्याय र लीलादेवीकी छोरी हुन् । उनको नाम आशा हो । हामीबाट चार सन्तान जन्मिएका छन् । दुई छोरा र दुई छोरी । छोरीहरू भेरोना र सिवानी हुन् । भेरोनाको विवाह रसियन डाक्टर युरासँग भएको छ । उनीहरूबाट तीन सन्तान जन्मिएका छन् । सिवानीको विवाह गम्भीर राणासँग भएको छ । उनीहरूबाट एक सन्तान अग्रताको जन्म भएको छ । छोराहरू क्रमशः राजन्य र सिद्धार्थ हुन् ।
राजन्यको विवाह अनुपमा थापासँग भएको छ । उनीहरूबाट एक छोरा देवाशिष जन्मिएको छ । सिद्धार्थको विवाह पुनम बस्नेतसँग भएको छ । उनीहरूबाट पनि एक सन्तान सबरको जन्म भएको छ । सिद्धार्थ काठमाडौं मेडिकल कलेजमा दन्त चिकित्सकको कार्य गर्दछन् ।

प्र. नं. ८ शिक्षादीक्षाका बारेमा विस्तृत जानकारी दिनुहोस् ।

मेरो प्रारम्भिक शिक्षा घरायसी वातावरणमै सुरु भयो । माध्यमिक शिक्षा भारतको नैनीतालबाट प्राप्त गरेँ । त्यसपछि मैले उच्च शिक्षा लन्डनका ट्युटोरियल कलेज ( २०११), च्यारिङ क्रस हस्पिटल (२०१३) बाट प्राप्त गरेँ । एम्. बी. बी. एस्. चौबीस वर्षको उमेरमा पूरा गरेँ । २०२० सालमा लन्डन स्कुल अफ हाइजिन एन्ड ट्रपिकल मेडिसिनबाट डी. टी. एम्. एच्. तथा इन्स्टिच्युट अफ चाइल्ड हेल्थबाट डी. सी. एच्. को पनि अध्ययन पूरा गरेको हुँ ।

प्र. नं. ९ पेसागत संलग्नता, संस्थागत संलग्नता साथै अन्य केही भए जानकारी दिनुहोस् ।

(क) पेसागत संलग्नता

सर्वप्रथम मैले च्यारिङ क्रस हस्पिटल, मेडिकल स्कुल लन्डनमा २०१८ सालमा मेडिसिन र सर्जरी विभागको गृह अधिकारीको रूपमा कार्य गरेँ । त्यहाँ एक वर्ष काम गरेपछि उच्च गृह अधिकारी भएर डेर्बिसायर चिल्ड्रेन्स हस्पिटलमा ६ महिनाका लागि काम गरेँ । त्यसपछि नेपाल आएर २०२१ सालदेखि २०२७ सालसम्म वीर अस्पतालको स्वास्थ्य सेवामा बाल विशेषज्ञका रूपमा काम गरेँ । यही कार्यलाई २०२७ बाट कान्ति बाल

अस्पतालमा निरन्तरता दिएँ । मलाई निजी कार्य गर्ने इच्छा जागेर २०३२ सालमा सरकारी जागिरबाट राजीनाम दिएँ । चाइल्ड हेल्थ इस्टिच्युट अफ मेडिसिनमा सहप्राध्यापकको रूपमा काम गरेँ । २०३६ सालदेखि २०३९ सालसम्म इस्टिच्युट अफ मेडिसिनमा डीनका रूपमा काम गरेँ । त्यही संस्थामा बाल स्वास्थ्यको प्राध्यापक भएर पनि काम गरेँ । सिद्धि मेमोरियल हस्पिटलको एक्युट डाइरिया रिसर्च प्रोजेक्टको निर्देशक भएर पनि काम गरेँ । काठमाडौँ मेडिकल कलेजमा प्रधानाध्यापक र बाल स्वास्थ्यको प्राध्यापकका रूपमा पनि मैले काम गरेँ ।

(ख) संस्थागत संलग्नता

मैले स्वास्थ्यसम्बन्धी विभिन्न संस्थाहरूमा आबद्ध रहेर काम गरेँ । गोट्स् इन्टरनेसनल तथा इन्टरनेसनल स्टुडेन्ट्स हाउस पार्क क्रिसेन्ट लन्डनमा आजीवन सदस्य भएँ । ब्रिटेन नेपाल सोसाइटीको आजीवन सदस्य र अध्यक्ष तथा उपाध्यक्ष भएर काम गरेँ । एस्. ओ्. एस्. बालग्रामको राष्ट्रिय कार्यकारी समितिको सदस्य तथा अध्यक्ष तथा उपाध्यक्ष भएँ । बालकल्याण समन्वय समितिको सदस्य साथै मदन पुरस्कार गुठीमा तीन वर्षका लागि सदस्य भएँ । बाल सङ्गठनको सदस्य, बुढानीलकण्ठ स्कुलको सञ्चालक समितिको सदस्य, बाल विकास समितिको संस्थापक, आजीवन सदस्य र अध्यक्ष, राष्ट्रिय योजना आयोगद्वारा सञ्चालित राष्ट्रिय विकास परिषद्को सदस्य, पी. इ. एम्. नेपालको सदस्य, नेपाल अन्तर्राष्ट्रिय केन्द्रको आजीवन सदस्य तथा कार्यकारी सदस्यको एक कार्यकालको सदस्य, समाज कल्याण परिषद्मा कार्यकारी सदस्यका रूपमा पनि काम गर्न पुगेँ ।

प्र. नं. १० आर्थिक अवस्था प्रारम्भदेखि हालसम्म केकस्तो रह्यो ?

आर्थिक अवस्था प्रारम्भदेखि हालसम्म उच्चमध्यम वर्गको रहेको छ ।

प्र. नं. ११ तपाईंले प्राप्त गरेका सम्मान तथा पुरस्कार

मैले नेपाल बाल सङ्गठनबाट सन् १९६९ मा प्रशंसाको प्रमाण पत्र प्राप्त गरेँ । हवे विश्वविद्यालयबाट हवे प्रशंसापदक प्राप्त गरेँ । वि. सं. १९७३ मा तत्कालीन राजा स्व. श्री ५ वीरेन्द्रको जन्मोत्सवको अवसरमा तेस्रो गोरखा दक्षिण बाहु पदक, नयाँ दिल्लीमा भएको एसियाली बालरोग विशेषज्ञहरूको आठौँ सम्मेलनमा स्वर्णपदक, २०५३ सालको

धर्मपहरी स्वास्थ्यसेवा पदक, तत्कालीन राजा श्री ५ वीरेन्द्रको गद्दीआरोहणको रजत जयन्तीको अवसरमा पदक तथा एस्. ओ. एस्. बालग्राम पदक र वीरेन्द्रऐश्वर्य पदक पनि मैले प्राप्त गरेँ ।

प्र. नं. १२ तपाईँको साहित्य र जीवनसम्बन्धी धारणा या मान्यता केकस्ता छन् ?

साहित्य समाजको ऐना हो । यसले समाजको वास्तविकतालाई सम्पूर्णका माझ पुऱ्याउँछ । त्यसैले साहित्यसिर्जना गरिनै रहनुपर्छ । राजनीति, शिक्षा, विज्ञान, चिकित्सा आदि जुनसुकै क्षेत्रमा लागे पनि देशभक्तिको भावना हामीले कदापि बिर्सनु हुँदैन । आफू भलो त जगत् भलो भनेझैँ असल र खराब छुट्याउने कुरा मानिसको दृष्टिमा भर पर्छ । सदैव राम्रो नजरले हेर्ने हो भने सम्पूर्ण कुरा राम्रो देखिन्छ । स्वार्थले मानिसलाई अँध्यारो मार्ग मात्र देखाउँछ तसर्थ निस्वार्थी बनेर उज्यालो मार्गको खोजी गर्नुपर्दछ । समाजमा हरेक प्रकारका मानिसहरू हुन्छन् । खराब प्रवृत्तिका मानिसले अर्काको प्रगतिमा बाधा पुऱ्याउन जस्तासुकै जघन्य अपराध गर्न सक्छन् । तसर्थ तिनीहरूबाट सजग रहनुपर्छ ।

पेसाप्रतिको बफादारिता, देशप्रतिको श्रद्धा, विकृति र विसङ्गतिको भन्डाफोर, स्वस्थ समाजको निर्माण, उज्यालो भविष्यको खोजी, निडर हुनुपर्ने विचार, परोपकारी भावनाजस्ता कुरामा मानिसले आफूलाई कन्जुस्याइ गर्नुहुँदैन ।

प्र. नं. १३ सुखदुखका क्षणहरू केही छन् कि ?

मैले दोस्रो जीवन प्राप्त गरेको हुँ । मृत्युको कालो मुखाकृतिबाट उम्कँदा पाएको खुसी नै मेरो जीवनको खुसी हो । यस कार्यको लागि मेरा सहयोगीहरूको कार्य सह्रानीय छ । सबैभन्दा दुःखको क्षण चाहिँ २०६१ साल वैशाख २९ गतेका दिन अज्ञात समूहले गोली हानी घाइते बनाएको क्षण हो ।

प्र. नं. १४ आफूलाई मनपर्ने साहित्य कृति वा कृतिकार को हो ?

मलाई मनपर्ने साहित्यकार महाकवि लक्ष्मीप्रसाद देवकोटा र सेक्सपियर हुन् । देवकोटाको मुनामदन र सेक्सपियरको रोमियो एन्ड जुलियट मन पर्ने कृतिहरू हुन् ।

प्र. नं. १५ तपाईंले सिर्जना गर्नुभएको प्रथम साहित्यिक कृति कुन हो ?

मैले सिर्जना गरेको प्रथम नेपाली साहित्यिक कृति **भक्तपुरको थुम्को** हो । मैले रचना गरेको प्रथम कृति चाहिँ **चन्द्र एन्ड डमरु** हो । यो बालकथा हो र यसमा बालबालिकाहरूको मनोविज्ञानलाई उद्घाटन गर्ने काम गरिएको छ ।

प्र. नं. १६ लेखनका लागि प्रेरणा र प्रभाव केकसरी र कोबाट प्राप्त गर्नुभयो ?

लेखनका लागि प्रेरणा त्यस्तो खासै केही छैन । व्यक्तिगत इच्छाका कारण मलाई साहित्य सिर्जना गर्न मन लागेर गरेको हुँ । केही कृतिहरू नेपालको वर्तमान परिस्थितिको परिणामस्वरूप सिर्जना गरिएका छन् । केही कृतिहरू मेरो कार्यदक्षताका आधारलाई प्रस्ट पार्न लेखेको छु । केही शिक्षा प्रदान गर्नका लागि र **मुर्कट्टा** चाहिँ साथीहरूको सल्लाहबाट सिर्जना गरेको हुँ ।

प्र. नं. १७ तपाईंले रचना गर्नुभएका कृतिहरू केकस्ता छन् ।

मैले रचना गरेका कृतिहरू निम्न प्रकारका छन् :

मैले रचना गरेका कृतिहरूमा **चन्द्र एन्ड डमरु** (बालकथा), **द रेड टेम्पल** (उपन्यास), **कम टुमरो** (एउटा सिपाहिको जीवनी), **द एभेन्जिङ घोस्ट** (तीनवटा कविताहरूको सङ्ग्रह), **अन्नपूर्ण फेन्टासी** (राजनीतिक कुराहरू समावेश गरिएको बालकथा), **कन्फ्लिक्ट इन द हिमालयन** (मनमोहन प्रधानमन्त्री हुँदाका कुराहरू समावेश गरिएर लेखिएको उपन्यास), **नन्सेन्स भर्सेज फ्रम नेपाल** (राजेश के. सी. ले बनाएका चित्रहरूसहितको कवितासङ्ग्रह), **नेपाल्स क्वेस्ट फर हेल्थ** (औषधीसम्बन्धी), **फिफ्टी इयर्स माउन्टेन, फ्रेन्टस कोलोनी** (बाल कथा उपन्यास) तथा आफ्नै जीवनका परिघटनाहरू समावेश गरेर लेखिएको **माइ टु इनिङ्स** आदि हुन् । नेपाली साहित्यमा चाहिँ **भक्तपुरको थुम्को** र **मुर्कट्टा** दुईवटा उपन्यास हुन् ।

प्र. नं. १८ तपाईंले भ्रमण गर्नुभएका ठाउँ तथा देशहरू कुनकुन हुन् ?

म सात सदस्यीय चिकित्सा मण्डलीको नेतृत्व गरी सन् १९७५ मा चीनको भ्रमण गर्न पुगेको थिएँ । विश्व स्वास्थ्य सङ्गठनद्वारा प्रायोजित स्वास्थ्यका लागि शिक्षक तालिम विकास कार्यक्रममा सन् १९७८ मा सहभागिता जनाउन बर्माको राजधानी पुगेको थिएँ । म रसियाको अल्मा अटामा भएको प्राथमिक स्वास्थ्य सुरक्षा गोष्ठीमा नेपाली

प्रतिनिधिका रूपमा पनि उपस्थित भएको थिएँ साथै एकीकृत स्वास्थ्य सेवा र जनशक्ति विकासको विचार गोष्ठीमा भाग लिन सन् १९७९ मा भारतको नयाँ दिल्ली पुगेको थिएँ । स्वस्थ जनशक्ति योजनासम्बन्धी विचार गोष्ठीमा सहभागी हुन सन् १९८१ मा श्रीलङ्काको राजधानी कोलम्बोमा पुगेको थिएँ । मातृ तथा शिशु स्वास्थ्य शिक्षासम्बन्धी विचार गोष्ठीमा नेपाली प्रतिनिधिका रूपमा सन् १९८१ मा थाइल्यान्डको राजधानी बैङ्ककमा उपस्थित भएको थिएँ । त्यसैगरी त्यस्तै कार्यहरूमा भाग लिन सन् १९८२ मा नयाँ दिल्ली, त्यही साल थाइल्यान्ड, सन् १९८६ मा अमेरिका, त्यही साल पुनः नयाँ दिल्ली, १९८६ मार्चमा नेदरल्यान्ड, १९८८ मा तान्जानिया, १९९० फेब्रुअरीमा भारतको कलकत्ता, १९९० को जूनमा नयाँ दिल्ली, १९९१ को अगस्तमा श्रीलङ्काको राजधानी कोलम्बो, १९९२ को अप्रिलमा जिम्बाबेको राजधानी हरारे, १९९२ को जूनमा बैङ्कक, १९९२ को जुलाईमा बङ्गालादेशको ढाका, १९९४ को जनवरीमा जर्मनीको भ्रमण गरेको थिएँ ।

प्र. नं. १९ तपाईंको शारीरिक व्यक्तित्वका बारेमा जानकारी दिनुहोस् न ?

मेरो शारीरिक अवस्था सुगठित देखिन्छ । म नियमित व्यायाम गर्छु । लगभग ७० के. जी. को छु । करिब ५ फिट ४ इन्च उचाइ र म गहुँगोरो वर्णको छु । सुनौलो फ्रेमको चस्मा लगाउँछु । कपडा चाहिँ पेन्टसर्ट लगाउँछु । छरितो र सजिलो हुने भएकाले यही पोसाक मेरो रुचि हो । कार्यालयमा आउँदा चिकित्सकहरूले लगाउने सेतो पोसाक पनि लगाउँछु । सबै काम ठीक समयमा गर्नुपर्छ भन्ने विचार राख्छु र नित्य स्नान गर्छु ।

प्र. नं. २० यहाँको व्यक्तित्व कुनकुन पक्षमा फैलिएको छ ?

मेरो व्यक्तित्व साहित्यिक र साहित्येतर भएर फैलिएको छ । साहित्यिक व्यक्तित्वअन्तर्गत उपन्यासकार व्यक्तित्व, कवि व्यक्तित्व, कथाकार व्यक्तित्व, आत्मवृत्तान्तकार व्यक्तित्वका पाटाहरूमा फैलिएको छ भने साहित्येतर व्यक्तित्वअन्तर्गत चिकित्सक व्यक्तित्व, प्रशासनिक व्यक्तित्व, समाजसेवी व्यक्तित्व, प्राध्यापक व्यक्तित्व भएर फैलिएको छ ।